
# भुइँचालो



डा. इन्दुल के.सी.

# भुइँचालो

(कवितासङ्ग्रह)

डा॰ इन्दुल के.सी. (पीएच.डि.)

**प्रकाशक**

**नेपाल स्रष्टा समाज**

कालिकास्थान, काठमाडौं, नेपाल ।

टेलिफोन: ०१-४४३९५६०

नेपाल श्रष्टा समाज, प्रकाशन माला-२

कृति : भुइँचालो
विधा : कवितासङ्ग्रह
रचयिता : डा. इन्दुल के.सी.
संस्करण : प्रथम, २०६५, भाद्र
प्रकाशन संख्या : ५०० प्रति
सर्वाधिकार : कविमा
प्रकाशक : नेपाल स्रष्टा समाज
कालिकास्थान, काठमाडौं
E-mail: info@nepalsrastasamaj.org.np
Website: www.nepalsrastasamaj.org.np
फोन नं. ०१-४४३९५६०
आवरण : सृजना के.सी.(पौड्याल)
कम्प्युटर : सुमित्रा कोइराला
हिमशिखर किताब घर
प्रयागमार्ग, शान्तिनगर, काठमाडौं
फोन नं.०१-२०४२५९५

मुद्रण : बगलामुखी अफसेट प्रेस
कुपन्डोल, ललितपुर, नेपाल
फोन नं. ५५२००९९

मूल्य : रु. १००/-

ISBN 978- 9937- 2- 0730- 0
BHUICHALO – A COLLECTION OF POEMS BY DR. INDUL K.C. (Ph.D.)
2008- AUGUST

# हार्दिक समर्पण

स्वर्गीय पिता श्री केदारनाथ झा
स्वर्गीय माता श्री शेरकुमारी झा
तथा ज्ञात–अज्ञात सम्पूर्ण नेपाली
शहिदहरुमा स–भक्ति,
स–श्रद्धाका साथ समर्पण गर्दछु !

डा.इन्दुल के.सी.
(उर्फ स्वामी इन्दु आनन्द झा)

# प्रकाशकीय

नेपाली भाषा-साहित्यका साथै नेपालका अन्य राष्ट्रिय भाषाहरूका साहित्यको सिर्जना, सम्वर्द्धन र विकासमा योगदान पुऱ्याउने उद्देश्यले नेपाल स्रष्टा समाजको स्थापना भएको हो । यसले लोकतान्त्रिक मूल्य र मान्यताहरूप्रति प्रतिवद्ध रहँदै विशुद्ध साहितियक गतिविधि संचालन गरि आएको छ । विशेषतः उत्कृष्ट नेपाली साहित्यको अन्तरराष्ट्रियकरण गर्नु, नेपाली स्रकष्टाहरू र अन्तरराष्ट्रिय स्रष्टाहरूका बीचमा सम्पर्कसूत्र बन्नु, देशका विभिन्न भागमा रहेका साहित्यकारहरू र राजधानीमा क्रियाशील सात्यिकारहरूका बीचमा सेतुको भूमिका निर्वाह गर्नु, साहित्यका विविध पक्षहरूमा छलफल, गोष्ठी, विचार विमर्श र अन्तर क्रिया गराउनु तथा नेपाली स्रष्टाहरूका पुस्तकहरू प्रकाशन गर्नु यस संस्थाका केही निर्दिष्ट उद्देश्यहरू हुन् । यसै क्रममा कवि डा. इन्दुल के.सी. को पहिलो कवितासङ्ग्रह भुइँचालो प्रकाशनमा आएको हो ।

यसमा समाविष्ट एक्काइसवटा कविताहरूमध्ये एउटाको नाममा कविले यो सङ्ग्रहको नामाकरण गर्नु भएको छ । सबै कविता समसामयिक घटनाहरू र गतिविधिहरूसंग सम्वन्धित छन् । हामी तिनमा राजनीतिक विषयवस्तुहरू पाउँछौं, अतिरिक्त चर्चाहरू पाउँछौ, सांस्कृतिक-धार्मिक मान्यताका कुराहरू पाउँछौं । डा. इन्दुलका कविताहरू समसामयिक नेपाली समाजको विसंगति र विकृतिका प्रत्यक्षरूपमा ब्यङ्गात्मक र विद्रोहात्मक स्वरहरू हुन् । कवि आफैं लामो समयसम्म नेपालको प्रशासन सेवामा रहिसक्नुभएको हुनाले त्यहाँभित्र देखिने गरेका विकृति-विसंगतिहरूका चर्चा पनि हामी केही कवितामा भेट्छौं । कविताहरू आम जनतासंग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुहरूलाई समेटेर लेखिएका हुनाले यो कविता सङ्ग्रह सबैखाले पाठकका लागि रूचिपूर्ण हुन सक्छ भन्नेकुरा नेपाल स्रष्टा समाजलाई लागेको छ । यस संस्थाका कार्यसमिति सदस्य समेत रहनुभएका कवि डा. इन्दुल के.सी. को काव्य- यात्राको उज्ज्वल भविष्यको कामना गर्दछु ।

**चन्द्रप्रसाद भट्टराई, अध्यक्ष**
**नेपाल स्रष्टा समाज**
**काठमाडौं, २०६५,साउन**

# मेरा आँखामा डा. इन्दुल के.सी.

**- परशु प्रधान**

म सँधै सोचिरहन्छु- इन्दुल के.सी.के हो, के होइनन् । इन्दुल के.सी.के गर्छन् ? के गर्दैनन् ? इन्दुल के.सी. के सोच्छन्, के सोच्तैनन् । के लेख्छन् ? के लेख्दैनन् । सुप्रसिद्ध निबन्धकार शंकर लामिछानेको 'प्याज' जस्तो लाग्छ, उसको जीवन र गतिविधि । अर्थात् एब्स्ट्रयाक्ट प्याज, जत्ति पत्र झिके पनि नयाँ पत्र आइरहने । यौटा लामो र भयपूर्ण जीवन-चक्र ।

म अहिले सम्झन्छु- ऊसँग कहाँ कहिले भेट भयो ? अर्थात् परिचय भयो । त्यो परिचयको बिरुवा के, कसरी हुर्क्यो, बढयो र झाङ्गियो । पहिले ऊ मास्टर थियो, पछि सरकारी जागीर खायो । जागीरे जीवनको अधिकांश भाग शिक्षा मन्त्रालयमा बितायो । अनि घरेलु उद्योग, स्थानीय विकास, पर्यटन आदि ठाउँहरुमा उसले काम गर्ने मौका पायो । सरकारी कर्मचारीकारूपमा बहाल भइरहेका इन्दुल २०४६ सालको जनआन्दोलनको बेलामा पञ्चायती सरकारको विरूद्धमा नेपाल निजामती कर्मचारी

संगठनको दर्ता गराउनमा प्रमुख भूमिका निर्वाह गर्ने तथा केन्द्रीय सदस्यमा रही सरकारी कर्मचारीलाई प्रजातन्त्रको समर्थनमा सडकमा उतार्न नेतृत्वदायी भूमिका खेल्ने इन्दुल के.सी.को कामको परिणम पछि जागीरै खोसिएको ती क्षण र दिनहरू सम्झँदा मलाई एक किसिमको डाह र पीडाको अनुभूति अहिले पनि हुन्छ । कर्मचारी-जीवनसँगै उसले आफ्ना परिचयहरू क्रमश : रूपान्तरित गर्न लाग्यो । उसको परिचय पूर्व मास्टरबाट शुरु भएर कर्मचारीमा सीमित रहेन । कानूनमा स्नातक भएर ऊ वकिल भयो, प्राकृतिक वा वैकल्पिक चिकित्साको अध्ययन गरेर पीएच.डी. समेत लियो । कहिले काहीँ कविता लेखेर कवि भयो । अर्थात् इन्दुलले आफ्नो परिचयलाई बाँड्दै लग्यो र यस उत्तरार्द्धमा पनि ऊ आफ्नो साँचो परिचय वा Identity को खोजीमा छ । यस क्रम वा शृङ्खलामा अहिले ऊ कवि भएर आएको छ, नेपाली पाठकहरूका समक्ष ।

म इन्दुलसँगको फ्लैसब्याकमा जान्छु । ऊ घरेलुमा काम गर्थ्यो । त्यहाँको कुनै हाकिमका विरुद्धमा कुनै पर्चा निस्केछ । अनि दोषी पत्ता लाउने सिलसिलामा इन्दुल के.सी.लाई मुख्य पात्र बनाईएछ र लेख्ने सहयोगी मलाई बनाइएछ । मेरै जिल्लाका मेरा मित्र र स्रष्टाले अत्तो न पत्तो मलाई दोषारोपण गरेको कुराले, अहिले पनि ती व्यक्तिसँगको मेरा सम्बन्धमा आत्मीयता छैन । अर्थात् त्यो 'घाउ' अनायास दुख्छ, हरिभक्त कटुवालका गीतका यी हरफहरू जस्तै- मलाई नसोध कहाँ दुख्छ घाउ ।

कुनै दिन इन्दुल शिक्षा मन्त्रालयमा र म क्षेत्रीय शिक्षा निर्देशनालयमा थियौं-२०३५-३६ जस्तो लाग्छ । केही महिनाको शैक्षिक तालिमका लागि म र इन्दुल छानियौं-इजरायल जान । हामी दुबै अन्य उन्नत देशहरू गइसकेकाले इजरायल जाने खास उत्सुकता थिएन । तर पनि कहीं कतै माथिबाट षडयन्त्र भयो- इन्दुल जानुभयो, मेरो कन्फरमेसन आएन । मैले ठानें-राम्रै भयो ।

कुनै बिहान समाचारका हेड लाइन भए- भ्रष्टाचारी इन्दुल के.सी. । यस समाचारले रन्थनिएर म उनलाई भेटन पुगें डिल्लीबजारको खोरमा । मैले तपाइँलाई के चाहिन्छ, म के गरौं भनेर सोधेको थिएँ । मैले सोचेको थिएँ- उहाँले कहीं सोर्स-फोर्स लाइदे, भनिदे अथवा केही रकम माग्नु हुनेछ । तर साधारण माग आयो- मलाई खालि एक किलो फलफूल

ल्याइदिनोस् । मैले तुरुन्त उहाँको माग पूरा गरें । तर यत्रा लामा वर्षहरूबीच मैले बुझ्न सकेको छैन-किन खालि उहाँले फलफूल माग्नुभयो, अरू केही भन्नु भएन । पछि उहाँमाथि षड्यन्त्र भएको ठहरी फरफारक पाउनु भयो । डिल्लीबजार चारखाल अड्डाको खोरमा बस्दा धेरै पत्रकारहरूले उहाँसँग अन्तरक्रिया गरे । खोरभित्रका धेरै बन्दीहरूलाई उहाँले योग सिकाएर दिनहरू काट्नुभयो । इन्दुलले विश्व भ्रमण गर्नुभएको छ । सरकारी कामको सिलसिलामा संयुक्तराज्य अमेरिका, ब्रिटेन, जापान, स्वीजरलैण्ड, इटली, जर्मनी मात्र होइन, नेपालका पनि धेरैजसो जिल्ला पुग्नुभएको छ ।

यस्ता धेरै-प्रसङ्गहरू, सत्य घटनाहरू छन्- इन्दुलसँगका । काठमाडौंका सडकहरूमा पोलेको मकै खाँदै केही किलोमिटर गफ-गाफमा व्यस्त । कुनै रेष्टुराँमा कहिले काहीँ तातो-चिसोमा साटिएर जिन्दगीको परिभाषा खोज्न मस्त । कहिले सूर्य विनायक र अन्य मन्दिरहरूमा इन्दुलका भक्ति-गीतहरू अर्थात् भजनहरू मैले सुन्नुपर्छ । कहिले काहिं भक्तपुरको पुरानो घरलाई आधुनिकतम् बनाएको देखाउनुहुन्छ । कहिले हामी भक्तपुर, बनेपा र पनौतीका मन्दिरहरूमा भगवान्को दर्शन गर्न पुगिरहेका हुन्छौं । कहिले सुनसरीको बराहक्षेत्रमा पुगेर कोका खोलामा नुहाइरहेका हुन्छौं । त्यति मात्रले कहाँ पुग्छ र ! धरानबाट बराहक्षेत्रसम्म केबलकार ल्याएर करोडौं कमाउने सपना बुनिरहेका हुन्छौं । कहिले भेंडेटारको चिसोमा बसेर म जन्मेको भोजपुरको डाँडा र पढेको विद्योदय हाईस्कुलको भवन देखाएर, हामी एक अर्काको विगतमा पुग्छौं ।

यस्ता धेरै सत्य र असत्यहरू हाम्राबीच गाँसिएका छन् । कहिले विराटनगरसम्म आफ्ना कविताहरू टेलिफोनमा सुनाएर मलाई उसले कवि हुनुको परिचय दिइरहेको हुन्छ भने कहिले विभिन्न पार्टीका घोषणपत्रहरूमा टाउको दुखाइरहन्छ । यस उत्तरार्द्धमा यत्ति लागी परेर, खटिएर, लेख्ने-पढ्ने-दौडने युवा-इन्दुल जस्तो अर्को मेरो साथी छैन । आफूलाई मन परेको र नपरेको कुरा स्पष्ट भन्ने उसको बानी मलाई मन पर्छ । मेरो के उसलाई मन पर्छ ? मलाई थाहा छैन ।

इन्दुल के.सी. को परिचय दिन मलाई कठिन हुन्छ । म भन्छु- उहाँ इन्दुल के.सी.- सरकारी कर्मचारी । म भन्छु- उहाँ राम्रो वकिल अर्थात् कानुनको ज्ञाता । म भन्छु -उहाँ वैकल्पिक चिकित्सा अर्थात् Alternative Medicine मा डाक्टर, म भन्छु- उहाँ भक्ति गायक । म भन्छु- उहाँ समाजसेवी-भक्तपुरमा धेरै सामाजिक कामहरू गर्नुभएको छ । म भन्छु- उहाँ प्रशिक्षक वा Trainer,म भन्छु- उहाँ कवि । अझ म भन्छु- उहाँ दार्शनिक । अझ म भन्छु- उहाँ योगका गुरु वा स्वामी ।

के यौटै व्यक्तिको यत्ति धेरै परिचय हुन सक्छ ? के यौटै व्यक्तिको प्रतिभा यसरी चारैतिर छरिएको हुन सक्छ ? यसको उदाहरण इन्दुल के.सी. हुन्, डा. इन्दुल के.सी.हुन् । उनी व्यष्टिमा समष्टि, समष्टिमा व्यष्टि हुन् । उनी के हुन् ? के होइनन् ? के गर्छन् ? के गर्दैनन् ? के सोच्तछन् ,के सोच्तैन्- म निश्चित गर्न सक्तिनँ । यस्तै अनिश्चय मलाई मनपर्छ । जीवन भन्नु नै निश्चय-अनिश्चय होइन र !

यही अनिश्चितता र अन्योलभित्र हाम्रो स्नेह र मित्रता, हाम्रो प्रेम र हार्दिकता कायम छ र रहनेछ । म उहाँलाई बरोबर सल्लाह दिन्छु- तपाई अनेक नहुनुहोस्, एक हुनोस्, तपाई विविध नहुनोस्, अमूक हुनुहोस् । सबै थोकमा हात हाले केही पनि होइँदैन । सबै रङ्गहरूमा मिसिंदा आफ्नो खास रङ्ग रहँदैन । तपाईंको अस्तित्व त्यसबेला रहन्छ- जब यौटै मात्र काँडा वा गुलाफको फूल हुनुहुनेछ । तपाई पानी नहुनुहोस् । वास्तवमा इन्दुलभित्रका वास्तविकता वा यथार्थताहरू यस्तो अनुभूत गरेको छु -

- इन्दुल महत्वाकांक्षी छ ।
- इन्दुल स्वाभिमानी छ ।
- इन्दुल स्पष्ट वा frank छ ।
- इन्दुल सबै क्षेत्रमा जान चाहन्छ ।
- इन्दुल नयाँ कार्यक्रम र योजनाहरू बुनिरहन्छ ।
- इन्दुल सँधै हिंडिरहन्छ ....हिंडिरहन्छ ।
- इन्दुल अलि हठी छ ।
- इन्दुल अरूको सल्लाह र रायलाई कम महत्व दिन्छ ।
- इन्दुल आफूलाई सर्वज्ञानी ठान्छ ।

- इन्दुल ऊर्जावान छ ।
- इन्दुल उत्तरआधुनिक व्यक्ति हो ।
- इन्दुल केही, हो केही होइन ।

यस्ता इन्दुललाई स्रष्टा-समाजले आफ्ना कविताहरूमार्फत काव्य मञ्चमा उभ्याउन पाएकोमा म सहित हामी हर्षित छौं । उनको कवितात्मक चर्चा डा. कृष्णप्रसाद दाहालले गर्नुभएकै छ । मेरो लेखन प्रवाह (From of writing) मा व्यवधान नआवस् भन्ठानेर मैले तपाईं, उनी, छ आदि जस्ता आदरार्थी शव्दहरूको समानरूपमा प्रयोग गरेको छु । अन्त्यमा इन्दुलजीको पहिलो कवितासङ्ग्रह 'भुइँचालो' प्रकाशन हुन लागेकोमा उहाँ भन्दा म धैरै खुसी छु, किनभने मेरा एक जना घनिष्ठ मित्रलाई मेरो बथानमा यस उत्तरार्द्धमा ल्याउन सकें । अनि उहाँको यस कवितासङ्ग्रह बारेमा एक वाक्य लेख्ने लोभलाई मैले संवरण गर्न सकिन । त्यो वाक्य हो- इन्दुलका कविताहरू नेपाली जनताले भोग्नु परिरहेको पीडामूलक अतियथार्थ (श्याम यथार्थ) को दैनिकी अर्थात् डायरी हो ।

**प्रमुख सल्लाहकार**
**नेपाल स्रष्टा समाज**
**काठमाडौं**
**२०६५ श्रावण**

# मेरा दुईशब्द

अरूको आँखामा म के हो वा होइन मलाई यसमा केही भन्नुछैन । कतिले कतिहदसम्म बस्तुगत आधारमा मेरो मूल्याङ्कन गर्नुभयो ? प्रश्न पनि खासै जरूरत ठान्दिन । वास्तवमा स्वयं मलाई थाह छैन म को हुँ के के गरिरहेछु र किन गरिरहेको छु ? यसको अर्थ यो होइनकि म कुनै लक्ष्यविहीन यात्रा गरिरहेछु ।

विश्व साहित्य जगतको कुरै छाडौं, केवल नेपाली साहित्य भण्डारमा ठूला-ठूला कवि, महाकवि, कथाकार, निवन्धकार, नाटककार, समालोचक, आख्यानकारहरुले प्रशस्त साहित्य सृजना गरी पाठकहरुको लागि पस्किसकेका छन् । वर्तमान समयमा यो काम निरन्तर वृद्धि हुँदै छ । तर साक्षर शिक्षित साहित्य अनुरागी भनाउँदा नेपालीहरु समेतका कति प्रतिशतले ती साहित्य पढने अध्ययन मनन गर्ने गरेका छन् ? साहित्य दिपका ज्ञान, विचार, शन्देशहरु आत्मसातगरी व्यवहारमा प्रयोग गरेका छन्, एउटा खोज र अनुसन्धानको विषय हुनसक्छ । मेरो विचारमा त्यो खोजको परिणाम ज्यादै कम र निरासाजनक हुनेछ भन्ने ठम्याईछ । यसो हो भने नेपालमा स्रष्टाले साहित्य सृजनाको प्रयोजन के हो ? म बुझ्न

सक्तिन । स्पष्ट शब्दमा भन्ने हो भने स्वयम म साहित्यको पारखी पनि होईन । तसर्थ मलाई नेपाली साहित्यको बारे ज्यादै थोरै जानकारी छ । स्रष्टाले साहित्य सृर्जना गर्नु पर्छ र आमपाठकले साहित्य पढ्नु पर्छ भन्ने मान्यता राख्ने भएर पनि साहित्यको एउटा राम्रो अनुरागी भनेर पनि मैले आफुलाई ठानेको छैन ।

मेरा स्नेही मित्र- वरिष्ठ कथाकार श्री परशु प्रधानजीले मलाई साहित्य सृजना गर्नुपर्छ र मैले पनि किताब लेखेर प्रकाशन गर्नुपर्छ भनी घचघच्याइरहनुभएको पनि करिव २० वर्ष जतिबिति सक्यो । उहाँको सक्रियतामा सञ्चालित काठमाडौं र विराटनगरको साहित्यिक सभा-सम्मेलनहरुमा बेलाबेलामा भाग लिने गर्छु । विभिन्न प्रकारका साहित्यिक व्यक्तिहरुको सम्पर्कमा रहन्छु । धेरैजसो साहित्यिक व्यक्तिहरुको साहित्यिक कृतिहरुसँग नजिक रहन्छु तर तिनीहरु मध्ये अधिकाँशको साहित्यिक सृजना र तिनीहरुको वास्तविक जीवन र वास्तविक बानी व्यहोराबाट म ज्यादै टाढा बस्न रूचाउँछु । परशुजीकै घचघच्याई, स्नेह, प्रेम र प्रेरणाले मैले एउटा ज्यादै सानो पुस्तिका तयार गर्न सकें । केही पुराना केही नयाँ मेरा अभिव्यिक्तिहरुलाई संग्रह गरैं, जसलाई साहित्यिक रचनाकोरुपमा नामाकरण गर्न पनि मलाई मुस्किल पऱ्यो, कारण यो कविता हो वा होइन मलाई थाहा छैन ।

म साहित्य र राजनीतिको विद्यार्थी भएको नाताले दुई वरिष्ठ स्रष्टाहरूका यी अमरवाणीले म सँधै प्रेरित छु ।

**कवि, कविता होस्**
**कविता, कवि होस्**
**तब पो कविता हुन्छ**
**शब्द थुपारीकन के हुन्छ ?**
**भाव भए पो हुन्छ ।**
**-स्व.पारसमणि प्रधान**

यस्तै वरिष्ठ कविवर स्वर्गीय श्री केदारमान ब्यथितज्यूले भन्नुहुन्थ्यो- 'राजनीति भनेको शौचालय हो र साहित्य भनेको भोजनालय हो ।'

अलङ्कार के हो ? छन्द के हो ? म केही बुझ्दिन । यस्तो व्यक्तिको अभिव्यक्तिमा अलङ्कारिता अभाव हुनु स्वाभाविक भनी ठान्नुपर्छ भन्ने मेरो सानो विचार हो । विशाल साहित्यका फाँटमा मेरो यो सानो कृति एउटा दुवोको या तुलसीको बोट मात्र भैदिएपनि पर्याप्त होला भन्ने ठान्दछु । यो जे छ त्यसरी नै वस्तुगत आधारमा कसैले हेरी दिनु भए मेरो लागि प्रदान गरेको ठूलो पुरस्कार ठान्दछु । यसलाई प्रकाशन गर्न कम्प्यूटर टाइप गरिदिने हिमशिखर किताब घरकी सुमित्रा कोइराला, मेरोबारे आफ्नो विचारको कार्य बहन गर्ने कथाकार श्रीपरशु प्रधानज्यू, मेरा रचनाहरूको सम्पादन एवं समीक्षा गर्नुहुने प्राध्यापक डा.श्री कृष्णप्रसाद दाहाल, यसको प्रकाशकीय लेख्नुहुने नेपाल स्रष्टा समाजका अध्यक्ष श्री चन्द्रप्रसाद भटराईज्यू, यसको आवरण चित्र तयार गरिदिने मेरी बुहारी सृजना के.सी.(पौड्याल), यस कार्यलाई अप्रत्यक्ष्यरुपमा सहयोग गर्ने मेरी श्रीमती सावित्री के.सी. तथा यस पुस्तक प्रकाशनार्थ आर्थिक व्ययभार बोकी मलाई ठूलो सहयोग गर्ने मेरी जेठी छोरी श्रीमती रजनी मानन्धर लगायत यसकार्यमा परोक्ष अपरोक्ष सहयोग पुऱ्याउने व्यक्ति एवं प्रकाशक नेपाल स्रष्टा समाजलाई कृतज्ञता एवं सहयोगको लागि धन्यवाद सहित आभार ब्यक्त गर्दछु ।

डा. इन्दुल के.सी.(पीएच.डी.)
मङ्गलयोग तथा प्राकृतिक
उपचार केन्द्र, नेपाल ।
भक्तपुर- १४,मङ्गलाछे टोल
टेलिफोन -०१-६६१०७४७
मोवाइल- ९८४१३३४११३
email– kcindul@yahoo.com

# भुइँचालो कविता सङ्ग्रहको अध्ययन र विश्लेषण

-डा.कृष्णप्रसाद दाहाल

## १. परिचय

नेपाली काव्यवाटिकामा अनेकौं काव्यमालीहरुको उदय भइसकेकोछ । सुवानन्द दासदेखि लिएर अहिलेसम्म काव्यवाटिकाको संरक्षण, संवर्द्धन र विकास गर्ने काव्यमालीहरूको सूची तयार गर्ने हो भने पूर्व-पश्चिम राजमार्ग नै तयार हुनसक्छ । नयाँ-नयाँ सीप बोकेका कविहरूले नेपाली कवितालाई अन्तर्राष्ट्रिय प्रतिस्पधामा नै प्रस्तुत् गरेका छन् । नेपाली साहित्यको सबैभन्दा उर्वर विधा नै कविता भएको छ । स्वदेश र विदेशमा अहिले दिनौं जसो नेपाली कविताहसङ्ग्रहको विमोचन भइरहेको छ । यो नेपाली कविताका लागि सुखद् पक्ष हो । नयाँ-नयाँ मूल्य र मान्यताले नेपाली कविता उचालिइरहेको छ । कविहरूले कविताको विकासमा अनेकौं प्रयोगहरू गरिरहेका छन् । यही प्रयोगले नेपाली कविता विश्वका अनेकौं भाषाहरुमा अनुवाद पनि भइरहेका छन् । विश्व बजारमा अब नेपाली कविताको स्वाद थाहा नपाउने सायद नै छन् । इन्टरनेटका माध्यमबाट नेपाली कविता विश्वव्यापी भइरहेका छन् । अनेकौं कविहरू इन्टरनेट कविताबाट पुरस्कृत भइरहेका छन् । यसबाट नेपाली कविताको लोकप्रियता सहजै बुझ्न सकिन्छ । समसामयिक विषयहरूद्वारा आजका कविहरू निकै नै संवेदनशील छन् । विशेष गरेर राजनीतिले उब्जाएका स्वीकृति र विकृतिहरूलाई निर्धक्क प्रस्तुत गरेका छन् । यस्तै स्वीकृति र विकृतिलाई काव्यात्मक बान्कीद्वारा प्रस्तुत गर्ने कविहरूको पङ्क्तिमा खरो रूपमा उत्रिन पुगेका छन् कवि डा. इन्दुल के.सी. ।

कवि इन्दुल के.सी. (झा) को जन्म वि.सं. १९९८ साल मार्ग २७ गते भक्तपुरको मङ्गलाछें टोलमा भएको थियो । उनी माता शेरकुमारी (कान्छी) र पिता केदारनाथ झाका काहिँला सुपुत्र हुन् । २०१८ सालमा प्रथम पटक विराट नेपाल भाषा सहित्य सम्मेलनद्वारा आयोजित

प्रतियोगितात्मक साहित्य सम्मेलनमा कवितातर्फ प्रथम पुरस्कार प्राप्त गरी यसक्षेत्रमा निरन्तर कलम चलाउने कवि के.सी. कियाशील प्रतिभा हुन् । उनी विद्यार्थी अवस्थादेखि नै यसतर्फ लागेका हुन । उनले भक्तपुरमा हुने गरेका प्रगतिशील साहित्य गोष्ठी, सम्मेलनहरूमा भाग लिनेगरेको कुरा यस घडी बिर्सन सकिंदैन । २०१६-१७ सालतिरै वरिष्ठ साहित्यकार श्यामप्रसाद शर्माको सम्पादनमा निस्कने गरेको 'साहित्य' पत्रिकामा उनका लेख,रचनाहरू प्रकाशित भएको पाइन्छ । श्री भूषणप्रसाद श्रेष्ठको सम्पादनमा प्रकाशित सय वर्षका प्रतिनिधि रचनाकारका रचनाहरूको सङ्ग्रह 'सच्छिदँया नेपाल भाषा काब्यल्यया' (२०६३) मा कवि इन्दुलको नेपाल भाषामा लिखित 'नुगखँ' कविता संकलित छ । इन्दुल के.सी. स्वास्थ्यसम्बन्धी उत्कृष्ट पत्रिका 'पुनर्यौवन' का प्रथम प्रधान सम्पादक (२०५६) हुनुहुन्थ्यो ।

कवि इन्दुल के.सी. (झा) कुशल प्रशासक, सफल प्राकृतिक स्वास्थ्य चिकित्सक र काव्यकार व्यक्तित्वका रूपमा चिरपरिचित छन् । उनी एउटै शब्दमा भन्नुपर्दा त्रिवेणी व्यक्तित्वका धनी हुन् । मूलतः जुनसुकै पेशा र लेखनमा सरल, सहज ढङ्गबाट पारदर्शी किसिमले प्रस्तुत हुनु इन्दुलको विशेषता हो । इन्दुलमा सङ्लोपन छ । यही सङ्लोपनले उनलाई कवि बनाएको हो । समाजमा व्याप्त विकृति र विसङ्गतिलाई उनको सङ्लो लेखनले नयाँ दिशा प्रदान गरेको छ । देखेको कुरालाई निर्धक्क भन्न सक्ने क्षमता कवि इन्दुलमा छ । उनी कुनै पनि वाद र सिद्धान्तको पछि नलागीकन मानवीयता र राष्ट्रियताले उकासिएर कविताको आयोजना गर्न मन पराउँदछन् । राष्ट्रियता र मानवताका प्रश्नहरूमा आँच आउने कार्य कसैले गरेमा उनी फुटेको आँखाले हेर्दैनन् । वैयक्तिक स्वार्थपूर्तिका लागि राष्ट्रिय अखण्डता र सार्वभौमिकतामाथि धावा बोल्नेहरूलाई उनको काव्यिक वाणीहरूले झटारो हानेका छन् । पानी जस्तो सङ्लो बग्न मन पराउने उनका कविता सरल छन् र सहज पनि छन् । अभिधेय शक्तिबाट होस् वा लक्षणा र व्यञ्जना शक्तिका माध्यमबाट होस् कवि के.सी. सकेसम्म आफ्ना कवितालाई दुरूहताको काँडेतार लगाएर होइन खुला हरियो मैदानजस्तै फैलाउन चाहन्छन् । यही विशेषताको आलोकबाट कवि इन्दुलका कविताहरूको विश्लेषण यहाँ क्रमशः गरिएको छ ।

## २. 'भुइँचाला' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण

कवि इन्दुल के.सी. को भुइँचालो प्रथम कविता सङ्ग्रह हो । यसमा कविका एककाईसओटा कविताहरू सङ्गृहीत छन् । विभिन्न समयमा लेखिएका र छापिएका कविताहरूलाई यहाँ समावेश गरिएको छ । नेपाली कविताको समसामयिक धारलाई यस सङ्ग्रहका कविताहरूले निरन्तरता दिएका छन् । स्वच्छन्दतावादी र मानवतावादी स्वर यहाँ तीव्र भएर अघि बढेको छ । मान्छेको अस्मिताको खोजी गर्ने कार्य व्यापक रूपमा भएको छ । राष्ट्र र राष्ट्रियताले कवि धेरै नै हुटहुटिएका छन् ।

### २.१ जय नेपाल

यस सङ्ग्रहको प्रथम कविताको नाम जय नेपाल हो । कविले यसमा व्यङ्ग्य पस्केका छन् । मुखले मात्रै जय नेपाल तर व्यवहार र कार्यले विदेशीको हित चिताउने शैली बढिरहेकाले कवि यहाँ ज्यादै नै दिक्दारिन पुगेका छन् । राष्ट्रियताको प्रश्नमा हामी त्यति गम्भीर हुन सकिरहेका छैनौ:

"टिस्टा र काँगडा हराएका बेला जय नेपाल ?
सुगौली सन्धिमा नतमस्तक नेपालीको जय नेपाल ?
फिरङ्गीको जयगानको साथ निन्याउरो मुखे नेपालीका जय नेपाल ।
गण्डकी र कोशी बगेको पानीमा जय नेपाल ?
सुस्तामा सुतेका नेपालीहरूको जय नेपाल ?
उत्तरी चेकपोस्ट दक्षिणी दाइको प्रहरेदारी ?
टनकपुरको टन्टलापुर घाममा तिर्मिराएको नेपालीको जय नेपाल ।
महाकालीको पानी हेरी तिर्खा मेटाउन नपाएका नेपालीहरूका
'जय नेपाल ?' (पृ.-१)

नाराले मात्र नेपालको जय हुँदैन । नेपालको जय गर्नु छ भने विदेशी हस्तक्षेपबाट नेपालीलाई जोगाउनुपर्छ । नेपलीको दु:खलाई अन्त्य गर्ने योजना ल्याउनुपर्छ । अनि मात्रै वास्तविक अर्थमा नेपालीको जय हुन सक्छ भन्ने ठहर कविको रहेको छ । कविले यहाँ पूरै वाच्यार्थद्वारा काव्यको आयोजना गरेका छन् । राष्ट्र, राष्ट्रियतालाई ऐतिहासिक विम्ब र प्रतीकबाट सजाइएको यो कविता सफल राष्ट्रवादी स्वरवाट ओतप्रोत

भएको छ । राष्ट्रियता बेच्ने जयनेपाल होइन, राष्ट्रियता जोगाउने जयनेपाल नेपाललाई चाहिएको छ । यही विषयलाई कविले यहाँ सजाएका छन् ।

### ३.२ दिवस

दिवस संस्कृतिका नाममा देखिने गरेका स्वीकृति र विकृतिलाई यहाँ औंल्याइएको छ । जुन उद्देश्य परिपूर्तिका निम्ति वा सम्मानका निम्ति दिवस मनाउन थालिएको हो यसको सही रूपबाट प्रतिफल प्राप्त भइराखेको छ कि छैन ? यसतर्फ गम्भीर हुन कविले यहाँ आफ्ना भावना पोखेका छन् । केवल नामका लागि दिवस मनाउनु ठीक छैन भन्ने अभिव्यक्ति दिन कवि सफल भएका छन्-

"आधा पेटमै छाक टार्न लगाई
भाँडा मजाउने साहुहरूको नेतृत्वमा
खाते, मगन्ते, टुहुरा, फुच्चे विचराहरूको बाल दिवस ।
ठुल्ठूला मालिकहरूको नेतृत्वमा
भोका, नाङ्गा, तिर्खाले
छटपटाएकाहरूको भोक मुक्ति दिवस
भट्टी, पप, बार मधुशाला, सञ्चालकहरू
सधैं धुम्रपान गर्न ५५५ का सौखिनहरूको नेतृत्वमा
नसालुपदार्थ निषेध र धुम्रपान मुक्ति दिवस ।" (पृ.-३)

फेसनका रूपमा कुनै पनि दिवस मनाउनु हुँदैन भन्ने मान्यता कवि इन्दुलले राखेका छन् । विकृति र विसङ्गति फैल्याउनेहरूको अगुवाइमा हुने दिवसहरूले समाजमा राम्रो सन्देश दिनुको बदला नराम्रो सूचना मात्रै प्रवाह गर्ने हुँदा कविले यहाँ चोटिलो व्यङ्ग्य पस्केका छन् । भ्रष्ट र पतीतहरूको नेतृत्वमा सुसम्पन्न हुने दिवसले दिवसको मर्यादा र महत्व घटाउने हुँदा त्यस्ता व्यक्तिका हातबाट दिवस मुक्त हुनुपर्ने सन्देश यहाँ दिइएको छ । विवश व्यक्तिहरूको सम्मानमा दिवश मनाउनुको सट्टा उनीहरूको जीवन सुव्यवस्थित तुल्याउन गाँस, बास, कपासको व्यवस्था मिलाउनु बुद्धिमानी कर्म हो भन्ने मान्यता कवि इन्दुलले राखेका छन् ।

## २.३ कामरेड

अवसरवादी कामरेडहरूलाई लक्षित गरी लेखिएको कविता कामरेड हो । कामरेडका नाममा ठगी खान पल्किएकाहरूलाई कवि इन्दुलले यहाँ तीखा शब्दका वाण प्रहार गर्न पछि परेका छैनन् । मूलत : हिजो आज वास्तविक कामरेड भेट्टाउन नसक्दा कविले यहाँ व्यङ्ग्यात्मक दु:ख मनाउ गरेका छन् -

"कार्लमार्क्सको दारी खौरने कामरेड
लेलिन-स्तालिनको शालिक ढाल्दा ताली बजाउने कामरेड
माओसेतुङ्गको गिदी मिसिएको ममचा खाने कामरेड !
थरी थरीका कामरेड !
गोञ्जाले साइनिङ पथे कामरेड !
चेगोवारे-चेप्टो पथे कामरेड !
आफ्नै मौलिक बाटो हिड्ने प्रचण्ड पथ कामरेड !
थरी थरीका कामरेड !" (पृ.-५)

नक्कली कामरेडप्रति व्यङ्ग्य र सक्कली कामरेडप्रति जय पस्किने कार्य यहाँ गरिएको छ । कम्युनिष्टको वास्तविक महत्वप्रति वेवास्ता गरी आफ्नै मात्र दुनो सोझ्याउन पल्किएका कामरेडप्रति कवि इन्दुल आक्रामक बनेका छन् । कामरेड पनि कामरेड, नकामरेड पनि कामरेड बनेर हिंडनेहरूद्धारा आज कम्युष्टि सिद्धान्तप्रति प्रश्नवाचक चिन्ह लागि सकेको हुँदा कवि इन्दुलको कलमले वास्तविक सर्वहाराको प्रतिनिधित्व गर्ने कामरेडको खोजी गरेको छ । यो नै यस कविताको विशेषता हो ।

## २.४ लाज

श्रृङ्गारिक भावधारमा आधारित कविताको नाम लाज हो । कविले यसमा आफू श्रृङ्गारिक विशेषताबाट अलग भएर बस्न नसकेको यथार्थलाई स्पष्ट पारेका छन् । भौतिक सुखानुभूतिलाई कविले यस कवितामा काव्यात्मक बान्कीद्वारा लिपिवद्ध गरेका छन् :-

"दुई मुटुको धड्कन लगातार
एकै ताल सुरमा बज्न थाल्दछ
आफैंमा आफू हराएको

फूल पनि आफैंमा बिलाएको
त्यो समय याद आउँदा
मलाई मैदेखि किन हो लाज लाग्छ ।
झ्याल-ढोकाहरूमा चुकुल
बेड सुइच अफ !
अन्धकारमा पनि देखिंदो रहेछ ।
विपना पनि सपना हो कि जस्तो लाग्छ
ती घटनाका परिदृश्यहरू
आफैं आँखामा छाउन थाल्दा (पृ.-८)
स्वर्णिम सुखानुभूति दोहोरिन थाल्छ ।" (पृ..) सहवासले मानिसलाई ब्रहनानन्द सहोदरमा पुऱ्याउने गर्दछ । केही पनि मानिस विपरीत लिङ्गीप्रतिको आकर्षणबाट विकर्षित हुँदैन । यो प्रकृतिको शाश्वत नियम हो । दुई मुटुको मिलनबाट मायाको सुन्दर फूल पुष्पित हुन्छ । त्यसबाट मानिस श्रृङ्गारिक सुन्दर बगैंचामा हराउन थाल्दछ । यसैलाई कविले यहाँ प्रतीकात्मक शैलीबाट प्रस्तुत गरेका छन् ।

## २.५ जाम

काठमाडौंको ट्राफिक जामको परिचय दिएर सिङ्गो राष्ट्र नै अनेकौं अस्तव्यस्तताले जाम भइरहेको विषयलाई समेटेर तयार गरिएको कविता जाम हो । 'जानु' अर्थको नेपालीमा जाम र अंग्रेजीको ठप्प हुनुको अर्थको जामलाई मिलाएर लेखिएको कविता हो यो । जस्तो घर जाउँलाई घर जाम पनि भनिन्छ । ठप्प हुनुलाई जाम भनिन्छ । मुलुकभित्र चारैतिर ठप्प वा जाम हुँदा देखिने अस्तव्यस्तलाई व्यङ्ग्य गरिएको छ ।

"चारैतिर जाम छ
पूरा नेपालको तीर्थधाम छ
यहाँ के छैन जाम !
योजनाहरू सबै जाम
राजनीति र कूटनीति जाम
बुद्धिजीवीहरूको बुद्धि जाम ।
विकास प्रगति जाम

असल निमुखाको मुखमा जाम
नेताहरू सधैं हाम-हाम
हाम्रो बुद्धि र बर्कत जाम
सबैको मुखमा यौटै नारा
अब विदेश जाम, अहिल्यै जाम ।" (पृ.-१०)

राम्रा कुराहरूमा जामैजाम छ । नराम्रा कुराहरूमा भने कुनै किसिमको जाम छैन । यो एउटा विडम्बना नै हो । जामै जामको संस्कृतिले हाम्रा विकास र निर्माण सबै नै जाममा परेका छन् । ट्राफिक जामबाट शुरु भएको जामले राष्ट्रलाई नै जाम गराइसकेको छ । यो जामको संस्कृति अन्त्य भएर कहिले यो राष्ट्रमा खुसीको घाम लाग्ला भन्ने कामना गरेका छन् । कविले यथास्थितिवादप्रति कविले यहाँ तीव्र आक्रोश पोखेका छन् । यो नै यस कविताको मूलभूत प्राप्ति हो । विकास र प्रगति जाम गरेर विदेश चाहिं जाम, छिट्टै जाम भन्ने सोच लेपालीहरूमा दिन दुइगुना रात चौगुना गरेर जसरी बडिरहेको छ, त्यसैलाई लक्षित गरी कवि इन्दुलले व्यङ्ग्य बर्षाएका छन् ।

### २.६ दान

हिन्दू संस्कृतिको दानको महिमालाई चुनावी विकृत मतदानमा जोडेर तयार गरिएको कविता दान हो । गौदान, शैयादान, भूमिदान, कन्यादान, बलिदान र मतदान सबै नै उच्च उदात्त तरिकाले प्रस्तुत गरिने दान हुन् । तर दानको नाममा मतदानले विकृतिको रूप धारण गरेकोले कवि इन्दुल निकै नै रूष्ट बन्दछन् :-

"मतदानमा मत पाउनेलाई सपनाको खेती
सामान्य जनतालाई एक गिलास ट्वाँट
मतको बाली भित्र्याउने उमेदवार
मतदानको खेतीमा संलग्न हुने संसारका व्यक्ति
मतदान ठूलो यज्ञ, राष्ट्रिय कार्य
राष्ट्रिय ढुकुटी खुल्लम-खुल्ला
अन्तर्राष्ट्रिय रकम-कलम-भेल
चुनावी पण्डितहरू करोडौंको माछाजाल ।" (पृ.-१३)

नेताहरूका कारण मतदाताले आफ्नो अमूल्य मतको दुरूपयोग गरिरहेका छन् । नेताले चुनावलाई चुनावको अर्थमा नलिए र केवल आफ्नो आवश्यकता पूरा गर्ने साधनको रूपमा लिने गरेकाले कवि इन्दुलले यस कविताका माध्यमबाट मतदाता र उम्मेदवार सबैलाई व्यङ्ग्यात्मक वाण प्रहार गरेका छन् । चुनावलाई पैसाको खेलको रूपमा लिएर राष्ट्रिय ढुकुटी रित्याउनेहरूको संख्या दिनप्रतिदिन बढिरहेको छ । यस किसिमको विसङ्गतिले प्रजातन्त्रलाई नै उपहास गरिरहेको छ । यही तिक्तताले कवि इन्दुलको मन छिया-छिया भएको छ । एउटा स्वाभीमानी देशभक्त नागरिकलाई राष्ट्रमाथि आँच पुग्ने कुनै पनि कार्य सह्य हुँदैन । यसैलाई कवि 'दान' कविता मार्फत व्यक्त्याउँछन् । मतदानका नाममा हुने गरेको सस्तो कृयाकलापलाई यस कविताले झाँको झारेको छ ।

## २.७ खबर

खबर संस्कृतिका प्राप्ति र अप्राप्तिलाई समेटेर तयार गरिएको कविता 'खबर' हो । कवि इन्दुलले विदेशी खबरलाई महत्व दिने र स्वदेशी खबरलाई बेवास्ता गर्नेहरूलाई झापड हानेका छन् । अर्काको खबर लिने तर आफूचाहिं बेखबर हुने प्रवृत्ति हामीहरूमा बाढिरहेको छ । स्वदेशी खबरचाहिं पीत्त पत्रकारिताका कारण बेखबर भइराखेका छन् । विदेशी बेखवरहरूले भने खबरको सम्मान पाइरहेका छन् :-

"दिवा-भोजसँगै
दूरभाषको 'बन्देमातरम्' सुन्नै पर्ने
नेपाल र नेपालीको यथार्थ खबर
सुन्न कसैलाई फुर्सद छैन ।
पत्र-पत्रिकामा खबर
टी.भी.र रेडियोमा खबर
तर हामी सधैं बेखबर" (पृ.-१५)

हुने खानेहरूले गर्ने सबै कुरा खबर, तर गरिव, दुःखीको भने खबरले पनि खबरको मान्यता नपाउने यस किसिमको परिपाटीले हाम्रो समाजलाई पूरै निलिसकेको छ । विदेशी युवतीहरूले लगाएको हाफपाइन्टको खबर बन्न सक्दछ, तर आफ्नो संस्कृति बचाउने टोपी, दौरा, सुरूवाल, गुन्यूँ-

चोलीको समाचार बन्दैन । आज हाम्रो देशको यो दशा भइरहेको छ । सरल विम्व र प्रतीकद्वारा यो कवितामा कविले राष्ट्रभित्र टडकारो रूपमा खड्कि रहेको यथार्थलाई विषय बनाएका छन् ।

## २.८. श्रोता

जनतालाई श्रोता बनाएर आफ्नै मात्रै हालिमुहाली चलाउने दल र दलका नेताहरूलाई व्यङ्ग्य गरी तयार पारिएको कविता श्रोता हो । कविले यस कवितामा जनतालाई मात्र श्रोता बनाएर आफ्नो स्वार्थपूर्ति गर्न पल्किएका ठूला-ठालु नेतालाई कोर्रा हानेका छन् । जनतालाई भाँडाका वस्तु बनाएर राजनीतिक दलका नेताले आफ्नो सिवाय देश र जनताको हितमा केही नगरेको भनी कविले तीतो पोखेका छन् :-

"ओहो बित्नै लाग्यो जीवन पसिना काड्दै डोको नाम्लोमा
मीठो भाषणको तिहुन, तरकारी-सितन
बल्ल-बल्ल जुटेको एक दुई गाँस खोले पिठोको
नेता बन्नलाई के के जाति उच्च पदको आसन
ठूलठूला दर्जाका पदहरूमा नेताकै आफ्नै आसेपासे
झुत्रेझाम्रे सँधै भाषण सुन्नुपर्ने श्रोतालाई
कहाँको गाँस, बास र कपास ? (पृ.-१९)

जुनसुकै व्यवस्था आए पनि जनता सधैं भाँडाका टट्टू मात्रै हुनु परिरहेको छ । आफ्नो स्वार्थपूर्ति गर्न नेताहरू जनतालाई भाषण पियाउँदछन् । पशुलाई जस्तै ट्रकमा ओसार-पसार गरेर आफ्नो जमात देखाउँछन् । जनता निरीह बन्दछन् । नेताले रटाएको जिन्दावाद र मूर्दावाद सिवाय केही पनि भन्न जान्दैनन् । बस् जनताले बाँचेको नियति यही नै हो । यसैलाई कविले विषय बनाएर जनतामाथि उचित सम्मान गर्नुपर्ने आशय प्रस्तुत गरेका छन् । जनतालाई श्रोता मात्रै बनाएर छोड्नु हुँदैन भन्ने मान्यता अघि सारिएको छ । कविले यहाँ अविधाशक्ति लक्षणाद्वारा मीठो विषय पस्केका छन् ।

## २.९ उपचार

स्वास्थ्यकर्मी र औषधालयहरूबाट जनताले वास्तविक उपचार नपाएर मर्नुपरेको यथार्थलाई कविले 'उपचार' कविताको विषय बनाएका छन् । आज जनता उपचारको नाममा मृत्यु भोगिरहेका छन् । जीवन बाँच्ने उपचार उनीहरूले पाइरहेका छैनन् । स्वास्थ्य उपचार व्यापार मुखी भएको छ । पैसा नहुने जनताले सामान्यभन्दा सामान्य उपचार पनि पाइरहेका छैन । यही यथार्थलाई कवि इन्दुलले कवितात्मक शैलीद्वारा सजाएका छन् :

"अस्वास्थ्य, अपाङ्ग र पीडित
रोगी देशका-रोगी बिरामीहरूको
सिधा ठगी र व्यभिचारको औषधिउपचार हुँदैछ ।
हो-यहाँ बिरामीहरुको उपचार हुँदैछ ।

आफैं बिरामी छन्
हाम्रा हस्पिटल र औषधालयहरू
स्वच्छ पानी र औषधिको ठूलो अभाव छ,
नामी डिग्रीवाल डाक्टर र वैद्यहरूको
अकर्मण्यता र लापरवाही बढ्दै छ,
जनताका लागि, जनताको अस्पतालमा होइन
आफ्नै क्लिनिकको आम्दानी बढ्दैछ ।

यो रोगी राष्ट्र र जनता
बर्बाद पारेर सम्पत्ति र सम्पदा
छटपटाएर, आजित भएर
आवाजहीन आवाज भएर
मृत्युहीन मृत्यु मर्दैछन् ।

साँच्ची हो,
म ठोकेर भन्छु-
हो-यहाँ बिरामीहरूको उपचार हुँदैछ ।" (पृ.-२१)

'डाक्टर र हस्पिटलहरू जति बढे तापनि गरिब जनताले सजिलो तरिकाले उपचार गराउन पाएका छैनन् । हस्पिटल र नर्सिङ्गहोमहरू (केहीलाई छोडेर) पैसा सोहोर्ने थलो भएका छन् । रोगीको उपचारमा भन्दा पैसा बढी कसरी आउँछ त्यसतर्फ डाक्टरहरूको ध्यान जान थालेको छ । रोगीको स्वास्थ्य उपचारका नाममा ब्रह्मलुट भइरहेको छ । सेवामूलक ढङ्गबाट रोगीको उपचार गर्नुपर्छ भन्ने स्वास्थ्य केन्द्रहरू एकदमै कम छन् । रोगीलाई कसरी छिटोभन्दा स्वास्थ्य गराउने भन्दा पनि नाउँबाट बढीभन्दा बढी पैसा कसरी असुल्ने भन्ने भावनाले व्याप्ति पाएको छ । यही विसङ्गतिपूर्ण क्रियाकलापलाई इन्दुलका कविले व्यङ्ग बर्साएको छ । कविले यहाँ मार्मिक कुरा उठाएका छन् । आज हरेक नेपालील महसुस गरेको कुरा यही हो । उपचारका लागि अस्पतालबाहेक अर्को विकल्प छैन तर अस्पतालबाट सही उपचार पाएर रोगी बाँच्ने हो कि होइन, ढुक्क हुने अवस्थाा अलिकति पनि छैन । डाक्टरको लापर्बाहीले हजारौं नेपालीले ज्यान गुमाइसकेका छन् । त्यसैको यथार्थ तस्विरलाई कविले यहाँ देखाएका छन् । लक्षार्थद्धारा कवितालाई सशक्त गराइएको छ ।

**२.१० बन्द**

केही बर्षदेखि नेपालमा बन्द र तोडफोडको सिलसिला बढ्दै आइरहेको छ । बन्द नेपालको संस्कृतिको एउटा अङ्ग नै बनिसकेको छ भने पनि हुन्छ । यही विषयलाई कविले 'बन्द' कविताभित्र सजाएका छन् । बन्दले विकृतिसिवाय केही पनि जन्माएको छैन । बन्दका कारण देश दिनप्रतिदिन दुर्गतिको खाल्डोतिर धकेलिइरहेको छ । यसतर्फ कसैलाई चिन्ता छैन । जसलाई जतिखेर मन लाग्यो बस् त्यहीबेला बन्दको आयोजना गरिहाल्यो । यसकिसिमको क्रियाकलापले जनताले पाउनुसम्म दुःख पाइरहेका छन् । कवि पनि जनता भएको हुँदा जनताकै भावनालाई प्रस्तुत गर्दछन् । बन्द गर्नु पर्ने कुरा चाहिँ बन्द हुँदैन । बन्द नगर्नु पर्ने कुराचाहिँ बन्द हुन्छन् । यही विसङ्गतीले हिजो आज ब्याप्ति पाएको छ । बन्दका कारण जनता आहत भइरहेका छन् । यसबारे कसैलाई चिन्ता नहुंदा कवि व्यङ्गय हान्दछन् :-

"मौनता, सर्वत्र मौनता
नारा, जुलुस खै बन्द ?

मागनेको अब मुखै बन्द ?
माग पूरा गर्ने मालिक, अधिकारी
प्रशासकका दिमागै बन्द ।

वार्ताकारहरूको टेबलमा स्वादिष्ट
परिकारहरूको खै बन्द ?
नेताहरुको बैंक ब्यालेन्सको बृद्धि खै बन्द ?
गणतन्त्रको मिरमिरे प्रभातमा
पदको भागवन्डा र खिचलो खै बन्द ? (पृ.-२४)

कविले बन्दकर्ताहरूलाई खूबै व्यङ्ग्य गरेका छन् । राजनीतिक भागबण्डाको खेलमा रमाउने नेताहरूलाई व्यङ्ग्य हानेका छन् । सरल ढङ्गबाट कविले यहाँ गम्भीर कुरा गरेका छन् । बन्दलाई सामान्य दृष्टिबाट होइन गम्भीर दृष्टिबाट हेरिनु पर्छ भन्ने अडान कविको रहेको छ । नचाहिंदो बन्द संस्कृतिलाई बन्दैगर्नु पर्छ । यो नै यस कविताको सार तत्व हो ।

## २.११ रसरङ्ग-घोषणा

कवि इन्दुल के.सी.को 'रसरङ्ग घोषणा' श्रृङ्गारिक कविता हो । मोतीराम भट्टकालीन श्रृङ्गारिक विषयलाई कविले निरन्तरता दिएका छन् । शिष्ट, सौम्य भावनात्मक प्रेमको यहाँ अर्चना गरिएको छ । मन र तनको सद्भावबाट उत्पन्न हुने प्रेमलाई कविले सहर्ष स्वीकार गरेका छन् । आत्मा नपसेको प्रेम खोक्रो हुन्छ । त्यसैले आत्मीय प्रेमको आराधना गर्नुपर्छ भन्ने मान्यता यहाँ राखिएको छ । सामाजिक मर्यादाले युक्त रतिक्रियालाई कामुकताको सिद्धान्तबाट हेर्नु हुन्न भन्ने भनाई कविले राखेका छन् । चोखो प्रीतिको सम्मान गर्नुपर्छ । अमर्यादित भौतिक आचरणलाई त्याग्नु पर्छ भन्दै कविले रतिको सर्वव्यापकताको चर्चा गरेका छन् । मानवजीवनको लागि अपरिहार्य बनेको रतिक्रीडाको महत्व र उपादेयतालाई देखाउनु नै यो कविताको विशेषता हो कविले शिष्ट प्रेम र शिष्ट यौनको अर्चना यसरी गरेका छन् :-

ए प्रेममा पागल हुने प्रेमीहरू हो !
ए एकोहोरो मायाका पण्डा-पुजारीहरू हो !

प्रश्न सोधिन्छ प्रिय अप्रियको आधार के हो ?
केवल सुन्दर या सुन्दरी भौतिकरूप मात्र हो ? (पृ.-२६)

### २.१२ एकाङ्की नाटक

कवि इन्दुलले 'एकाङ्की नाटक' कवितामा राष्ट्रवादी स्वर लिपेका छन् । हामीले कसैको इसारा र निर्देशनमा चल्ने होइन । आफ्नै मौलिक पहिचान बनाए र देशविकासमा जुट्न सक्यौं भने छिटोभन्दा छिटो लाभान्वित हुनसक्छौं । राष्ट्रलाई समृद्धिको शिखरमा पुऱ्याउँन सक्छौं भन्ने मान्यता कविले राखेका छन्, मूलतः यहाँ नेपाली राजनीतिमा देखापर्ने उकाली ओरालीलाई एकाङ्की नाटकको संज्ञा दिंदै कविले व्यङ्ग्य पनि गरेका छन् । जस्तो कि :-

"नाटक मञ्चनको उत्कर्षमा नै नपुगी
स्वयम् नाटककारको अवसान !
विधुवी अवलाको झिनो स्वरको रुवाई
वहिरा कानहरूमा गुञ्जन सकेन
नेपालीको नेपालमा नेपाल नै नायक नभै भएन ?" (पृ.-२८)

सबैको प्रयोग र परीक्षण गर्ने थलो हुँदा हाम्रो देश दिनप्रतिदिन कमजोर हुँदै गइरहेको छ । अर्काको विश्वासमा पर्दा हामीले आफ्नो अस्मिता नै गुमाउन लागिसक्यौं । यही यथार्थप्रति गम्भीर हुँदै कवि के.सी. ले यहाँ राष्ट्रवादी चिन्तन अघि सारेका छन् । अरूलाई नायक बनाएर हामीले घाटा सिबाय केही प्राप्त गरेनौं । त्यसो भएको हुँदा राष्ट्रिय अनुष्ठानको नायकत्व स्वयम्ले लिनुपर्छ भनी कवि बताउँछन् ।

### २.१३ भुइँचालो

'भुइँचालो' यही शीर्षकबाट यस सङ्ग्रहको नाम राखिएको छ । दशवर्षे जनयुद्ध गरेका माओवादीहरू संविधानसभाको निर्वाचनबाट सबैभन्दा ठूलो दलको रूपमा स्थापित भएको विषयलाई यस कवितामा समेटिएको छ । टाउकाको मूल्य तोकिएकाहरू जनताको माया ममताका कारण अत्यधिक मात्रामा विजयी भएको कुरालाई सहज र सरल किसिमले व्यक्त गरिएको छ । यहाँ जनमानसको विद्रोहलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ :-

"कथित ज्यानमारा, डाँका, अपहरणकारी कहाँ रह्यो ?
अपार जनताका मुटुहरूको धुकधुकीमा परिणत भयो ।
टोल टोल, आँगनमा हर्षको वर्षा बर्सियो
भावी नेपालका कर्णधारहरूको हृदय खोली स्वागत भयो ।
विजयमाला फूल रातो अवीरको वर्षा भयो ।
सर्वहारा वर्ग जिन्दावादको नारा बुलन्द भयो ।
भत्किएका घरहरूको भग्नावशेष अब सफा गर्न बाँकी रह्यो
यहा ठूलो रेक्टरस्केलको राजनीतिक भुइँचालो आयो
सक्षम कर्मथ योग्य सुपात्रहरूको समुचित चयन भयो ।
हिजोको इतिहासमा झैं
भोलि फेरि झुट्ठा आश्वासनमा बाँच्न नपरोस् कामना भयो
स्वदेशका गाउँ, सहर, गल्ली चौबाटोमा मात्र होइन
छिमेकी मित्रराष्ट्रहरूका साथ विदेशी कार्टरहरूका वोली पनि फुऱ्यो
शुभकामना बधाई मान्यताका सद्भावना व्यक्त भयो
अब बुद्धको देश नेपालबाट शान्ति संसारमा पुन : फैलिनु पऱ्यो
देश पुनः निर्माण विकास गर्न सबैले हातेमालो गर्नुपऱ्यो
यहाँ अब राजनैतिक भुइँचालो ठ्याम्मै थामिनुपऱ्यो ।" (पृ.-३०)

मूलतः दश वर्षे जनयुद्ध गरेर संविधानसभाको चुनावमा ठूलो दलकोरूपमा स्थापित भएको माओवादी दलको अभिनन्दन गर्ने काम यहाँ भएको छ । विजयश्रीको माला लगाएको माओवादी दलको विगत र वर्तमानको विश्लेषण गरिएको छ । कसैले सोच्दै न सोचेको अवस्थामा माओवादीले ठूलो दलको हैसियतमा मान्यता प्राप्त गर्नुलाई कविले भुइँचालोको रूपमा लिएका छन । यसमा कविले शान्ति, सद्भाव र मित्रताको कामना गरेका छन् । नेपाललाई पहिले जस्तै शान्तिको रूपमा विकास गर्नुपऱ्यो भन्ने भावना अघि सारेका छन् । युद्ध र आतङ्कलाई सबैतिरबाट बन्द गरेर आपसी सद्भावनाको विकास गरेर देशलाई पुनः निर्माण गर्ने आग्रह गरिएको छ । जनताले झुटो आश्वासनमा बाँच्न नपरोस भन्ने विचारको संप्रेषण कविले यहाँ राम्ररी गरेका छन् । यो नै यस कविताको मुख्य विषय हो ।

## २.१४ आँसु

बुद्ध जन्मेकै देशमा बुद्धका आदर्शहरू धुजाधुजा भएको विषय 'आँसु' कवितामा समेटिएको छ । शान्तिको महत्व यहाँका मानिसले बुझ्न नसकेको यथार्थ यहाँ लिपिवद्ध गरिएको छ :-

"फेरि पनि भनें आँखामा आँसु कति ?
प्रश्नको जवाफ ओकल्दै रुदैं भने
गोली बारुदको पूजाथाली !
मासु रक्सीको साथ सम्हेवजी
मेरो मूर्तिमा  पूजा गर्नेहरूको घुइँचो
बुद्धम् शरणम् गच्छामिको मर्म नखुल्नेहरू देश
स्वयम् म अब कसको शरणमा जाउँ ?
मेरो प्रश्नहरू सबैका उत्तर
बुद्धको आँखाबाट झरेका आँसुले विउँझाउँदैछ । (पृ.-३४)

बुद्ध दर्शनको महत्व र उपादेयतालाई देखाउँदै शान्ति पलायन भएको यथार्थलाई कविले प्रस्तुत गरेका छन् । यहाँका मानिसहरूले बुद्धलाई अझै चिन्न नसेकेको विचार कविले यस कवितामा जस्ताको तस्तै राखेका छन् ।

## २.१५ धन्य नेपाली

अनेक देवी-देवताले वास गरेको आफ्नो देश नेपाल धन्य छ भन्ने विषयलाई लिएर तयार गरिएको कविताको शीर्षक 'धन्य नेपाली' हो । आध्यात्मिक विशेषताप्रति नेपालीहरूको आस्था एवं अन्धविश्वास रहेको तथ्यलाई यहाँ स्पष्ट पारिएको छ :-

"दाँत दुखे किल्ला ठोकेर उपचार गर्ने
किल्लागलका काठका मुडा हाम्रै
कान दु:खे कुपनडोलका कानदेवता नेपालीकै
यस्तै सर्वरोग सजिलै उपचार ! धन्य नेपाली ।" (पृ.-३६)

सबै रोग निको पार्ने देवी-देवताले बसोवास गरेको नेपाल धन्य छ भनी कविले उपचार (Faith healing) नेपालमा प्रचलित विश्वास उपचार

-विधिलाई प्रस्तुत गरेका छन् । ब्रह्मा, विष्णु, महेश सबैले वास गरेको हुनाले नेपालीहरू वास्तविक रूपले धेरै धन्यवादका पात्र छन् । एकातिर यस कवितामा कवि के.सी.को राष्ट्रवादी स्वर प्रकट भएको छ भने अर्कातिर भगवानमा मात्रै भरपर्ने हाम्रो कमजोर मानसिकताप्रति व्यङ्ग्य पनि गरिएको छ । सबै कुरामा भगवानलाई पुकारेर सन्तोष मान्ने परिपाटी साँचो अर्थमा ठीक होईन भन्ने भनाई कविले राखेका छन् । हाम्रो अन्धविश्वासी संस्कृति र परम्परालाई यहाँ मीठो व्यङ्ग्य गरिएको छ ।

### २.१६ त्याग

गणतन्त्र स्थापना पछि राजतन्त्रको अन्त्य भई राजाले कसरी दरबार त्यागे भन्ने विषय 'त्याग' कवितामा लिपिबद्ध भएको छ । राजाको दरवार त्यागलाई कविले अप्रत्यक्ष व्यङ्ग्य गरेका छन् :-

"राजमहल-दरवार त्यागे पनि
मुलुक नत्याग्ने उद्घोषण
त्याग मात्र होइन राष्ट्रप्रेम कत्ति महान् ।
त्यागको ठूलो बखान
भोगीबाट त्यागीमा परिवर्तन,
गाडी कम्प्यूटर अझै त्याग्न बाँकी
फिरिस्त पत्र पत्रिका प्रकाश ! (पृ.-३८)

दरबार त्याग्नु तर राष्ट्र नत्याग्नु राजाको महान् राष्ट्रप्रेम भएता पनि सामान्य भन्दा सामान्य भौतिक सम्पत्ति त्याग्न नसक्नु उनको त्याग कत्ति महान हो ? भन्ने आकोश कविले पोखेका छन् । मुलुक गणतन्त्र भइसकेपछि राजाले दरबार त्यागेको विषयलाई काव्यात्मक बान्कीद्वारा प्रस्तुत गरिएको छ । मुख्यतः दरवार त्यागेर पनि ससाना वस्तुहरू त्याग्न नसकेको कुरालाई कलात्मक किसिमले प्रहार गरिएको छ ।

### २.१७ लाइन

मुलुक हरेक कुरामा लाइनमय भएकोमा कवि इन्दुलले 'लाइन' कवितामा व्यङ्ग्य गरेका छन् । भाव, अभावका कारण नेपालीहरूले दिनौं लाइन लाग्नु परिरहेको छ । लाइनले श्रम र समय बर्वाद गरिरहेको छ ।

मूलत : असहज लाइनबाट उत्पन्न विकृति र विसङ्गतिलाई यहाँ विषय बनाइएको छ :-

"रोस्टम घेराउ विधायिका सांसद अवरुध्द गर्ने
जन प्रतिनिधि माननीय सांसदज्यूहरूको लाइन
भोक लाग्यो खानादेउ भनी गीत गाउनेहरु ......
बाँसको लाठी बजार्ने प्रहरीहरुको लाइन ।
औषधी पसलहरुमा प्रेस्किसन बोकेकाको लाइन
आर्यघाटको ब्रम्हनालमा अन्तिम सास फेर्नेहरुको लाइन
हरेक मसान घाटमा बैतर्नी तार्ने पुरोहित, माँझीको लाइन
हरेक मसानमा दाहसंस्कार खोज्नेहरुको लाइन ।" (पृ.-४०)

लाइन संस्कृतिको विकृतिले उब्जाएको विकराल अवस्थालाई सहज, सरल किसिमले चित्रण गर्न कवि एकदमै सफल भएका छन् । लाइनले जनतालाई राहत होइन आहत तुल्याइरहेको छ । लाइनलाई कविले स्वीकृतिमूलक ढङ्गबाट हेरेका छैनन् । प्रतीकात्मकरूपबाट लाइनले जन्माएको विकृतिलाई व्यङ्ग गर्नु यस कविताको विशेषता हो ।

## २.१८ सम्पत्ति विवरण

कविको आफ्नै जीवनमा आधारिक कविताको नाम 'सम्पत्ति विवरण' हो । ठूला-ठूला नेता र मन्त्रीहरूले झूठो सम्पत्ति विवरण दिएर राष्ट्र र जनतालाई ढाँटेको यथार्थलाई प्रस्ट्याउँदै कवि इन्दुलले इमान्दार कर्मचारी भएर काम गर्दा गर्दै पुरस्कार स्वरूप अवकाश पत्र पाएको कुरालाई आफ्नो वास्तविक सम्पत्ति भएको स्पष्टोक्ति दिएका छन् :

"निडर, इमान्दार, कर्तव्यपरायण भई
लामो समय सम्मको राष्ट्र सेवक कर्मचारी हुँदा
धन्यवाद सहित थम्याएको नोकरी अवकाशपत्र मेरो ।
न्याय माग्दै बर्षौ सर्वोच्च अदालतमा धाउँदा
अवकाशको निर्णय गलत् ठहऱ्याइ न्यायिक फैसला हुँदा
पुनर्बहाली भई प्राप्त भएको अतिरिक्त समुहको कुर्सी मेरो
यही हो मेरो सम्पत्ति विबरण ।" (पृ.-४२)

यस कविताका माध्यमबाट कवि इन्दुलले सोझा, इमान्दार जनताले भोग्नुपरेको दु:ख,कष्ट र वेदनालाई प्रस्ट्याएका छन् । इमान्दार व्यक्तिले

हातमा लाग्यो सुन्ना जिन्दगी बाँच्नु परेको यथार्थलाई कविले आफूलाई घटाएर प्रस्तुत गरेका छन् । कपटी, जाली, फटाहा र राष्ट्रको ढुकुटी रित्याउनेले पुरस्कार पाउंछन्, तर इमान्दारिताका साथ काम गर्नेले तिरस्कारको जीवन बाँच्नु परिरहेको छ । यही सत्य-तथ्यलाई कविले व्यङ्ग्य प्रहार गरेका छन् ।

## २.१९ सारतत्व

'सारतत्व' आध्यात्मिक दर्शनमा आधारित कविता हो । सबै धर्मको निष्कर्ष एउटै हो भन्ने मान्यतालाई यहाँ अघि सारिएको छ । धर्म प्राप्तिका बाटाहरू अलग-अलग छन्, तर अन्धविश्वासको ईश्वरभक्तिभन्दा वास्तविकता अन्तःस्करणमा रहेको तथ्य बुझाइएको छ । धर्म मतमतान्तरले मानिस मानिसबीच भेदभाव, वैमनस्य, झैझगडा गर्नु गलत हो भन्ने सन्देश यो कविताले दिएको छ । दृश्यमान् जगत् भ्रम हो । भित्री रहस्य नै शाश्वत हुन्छ । त्यसैको अनुशरण गर्नुपर्छ भन्ने चिन्तन कविले यहाँ प्रस्तुत गरेका छन् :-

"फरक-फरक छन् नाम र बाटो ।
ॐकारको सिजित पाटो ॥
बुझ्न सके धुन ध्यान गुरूको
पुगिन्छ गन्तव्यमा सुरूको ।" (पृ.-४४)

गुरूले देखाएको बाटोमा हिंड्न सकेको खण्डमा जीवनको सारतत्व बुझ्न सकिने सन्देश कविले दिएका छन् । मुक्तिमा नै जीवनको सारतत्व अडिएको छ । कविको आस्तित्विक भावको प्रतिनिधित्व यो कविताले गरेको छ । निष्कर्षमा भन्नुपर्दा विश्वमा विभिन्न धर्म धर्मावलम्वी भएपनि आखिर सारतत्वमा ईश्वर एउटै छन् । धार्मिक अन्धविश्वास र अनुदारताका आधारमा ईश्वरको अस्तित्व र महानतालाई नघटाऔं र धार्मिक झैझगडा नगरौं भन्ने सन्देश कविले यहाँ दिएका छन् ।

## २.२०, भऱ्याङ्ग

'भुइँचालो' कवितामा कवि इन्दुल के.सी.ले जनतालाई भऱ्याङ्ग बनाएर फाइदा उठाउने कुनै पनि तत्वलाई झापड हानेका छन् ।

जनताको पसिनामा मोजमस्ती गर्नेहरूले जनतालाई नै पेलिरहेका छन् । कसैले पनि जनताको पिर मर्का र व्यथालाई समाधान गरिरहेका छैनन् । सबैले जनतालाई आफ्नो आवश्यकता परिपूर्तिको भऱ्याङ्ग बनाएर फाइदा लुटिरहेका छन् । विशेषगरेर राजनीतिककर्मीहरूको अकर्मण्यतालाई झटारो हान्ने काम यस कविताबाट भएको छ :-

"म त्यसरी छु
जहाँको त्यहाँ छु
शून्य छु
नि:शब्द छु
म माथि चढेर पुग्छन् माथि-माथि
र भुल्छन् के कसरी पुँगे भनेर ।
कोही बिजुलीको भऱ्याङ्ग चढछन्
र कोही छिनमा माथि पुग्छन्
कोही लिस्नो र काठको भऱ्याङ्ग चढछन्
र क्रमशः माथि माथि पुग्दन्
तर निरीह र विवश छु म
आफ्नो अस्तित्वहीनतालाई संझेर
लाग्छ-कसैको भऱ्याङ्ग हुन नपरोस्
र, यो जिन्दगी कसैको
भऱ्याङ्ग जस्तो नहोस् ।" (पृ.-४६)

नेपाली जनताले आफूलाई भऱ्याङ्ग हुनुपरेको पीडा भोगिरहेका छन् । खासगरेर राजनीतिक हिसाब किताब गर्नेहरूले जनतालाई भऱ्याङ्ग सिबाय केही पनि मानेका छैनन् । जसरी हुन्छ जनतालाई भऱ्याङ्ग बनाएर आफूमाथि पुग्नु अनि फाइदा र आनन्दको संसारमा रमाउनु नेपाली राजनेताहरूको विशेषता रहँदै आएको छ । यसैलाई इन्दुलको कविले कोर्रा बर्साएको छ । यो कविताको मुख्य विशेषता यही नै हो ।

### २.२१ सहमति

जनआन्दोलन २०६२/०६३ यता नेपाली राजनीतिमा सहमतिका नाममा देखिने गरेको नियतिलाई यस कविताले कसेर व्यङ्ग्य हानेको

छ । आफूलाई अनुकूल भए सहमति आफूलाई प्रतिकूल भए विमतिको खेल नेपाली राजनीतिको रङ्गमञ्चमा धेरै चोटी मञ्चन हुँदैआइरहेका छन् । यसैलाई मुख्य विषय बनाई कवि इन्दुलले व्यङ्ग्यात्मक बाँण बर्साएका छन् :-

"आफ्नो र आफन्तका लागि मात्र फोहोरी राजनीति
शहिदका सपना पूरा गर्ने कसैको छैन नीति ?
स्वदेशी-विदेशी पैसा, राष्ट्रिय ढुकुटी सोहोर्नेहरु
धनमाल मान-मर्यादाका मात्र पूजारीको मति
धन्य , धन्य गोमनसाँप र बिच्छीहरुको बीच
कूटनीति, अर्थनीति के-के नीतिमा सहमति । (पृ.-४८)

## ३. मूल्याङ्कन एवं निष्कर्ष

कवि इन्दुल के.सी. प्रथम काव्यात्मक कृति 'भुइँचालो' लिएर नेपाली साहित्यमा सार्वजनिक भएका छन् । हुनत उनी फुटकर कविताहरूद्वारा धेरै अघिदेखि सार्वजनिक हुँदै नआएका होइनन् । तर पनि भुइँचालेले उनलाई दह्रो परिचयका साथ सार्वजनिक गरेको छ । यस सङ्ग्रहभित्र उनले विविध विषयहरू पस्केका छन् । यहाँ राजनीतिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक, धार्मिक सबै किसिमका विषयहरूको सम्मिलन भएको छ । कविले आफूले अध्ययन र अनुभव गरेकै कुरालाई कविताको रूप दिएका छन् । कवि सत्य र न्यायको पक्षमा उभिएका छन् । मानवअधिकारको प्रशनमा खरो बनेका छन् । हत्या, हिंसा र भ्रष्टाचारका विरूद्धमा कलमको टुँडो खियाएका छन् । जताततै देखिने गरेको विकृति र विसङ्गतिलाई नुनचुक दलेका छन् । असलमा 'भुइँचालो' का कविताहरूद्वारा कवि इन्दुलले मान्छेको अस्मितामाथि धावा बोल्नेहरूलाई पुल्ठो लगाएका छन् । उनले यहाँ मान्छेको सम्मान चाहेका छन् । मान्छे विरूद्धका षड्यन्त्रहरूको भर्त्सना गरेका छन् । यो भयो, यस कविता सङ्ग्रहको एउटा सबल पक्ष । अर्को सबल पक्षचाहिं राष्ट्रियता हो । कवि इन्दुल राष्ट्रियताको पक्षमा ज्यादै नै संवेदनशील बनेका छन् । विशेष गरेर नेपाली राजनीतिमा आउने गरेको उतारचडावले इन्दुलको कवि पनि मर्माहत भएको छ । राष्ट्रिय राजनीति भन्दा व्यक्ति मोटाउने राजनीति बढ्दै आएको देख्दा इन्दुलको कवि चुपलागेर बस्न सकेको

देखिँदैन । कुनै पनि वाद र सिद्धान्तको पछि नलागिकन देखेको कुरा भन्न कवि पछि परेका छैनन् । चाहे रिसाउन्, चाहे खुसाउन्, राजनीतिमा देखिने गरेको विसङ्गतिप्रति ठाडो प्रहार गर्न उनी डराउँदैनन् । कवि इन्दुलको सबैभन्दा सबल पक्ष नै यही हो । उनी आफ्ना कविताहरूमा कतै पनि अस्पष्ट छैनन्, स्पष्ट छन् । यही स्पष्टता नै 'भुइँचालो' कविता सङ्ग्रहका प्राप्ति र उपलब्धि हुन् ।

अन्तमा दुईसय चालीस वर्षको राजनीतिमा भर्खरै एउटा ठूलो भुइँचालो आएको छ । त्यो भुइँचालोले राजतन्त्रलाई बढारेर गणतन्त्र स्थापना गरेको छ । यसैको पृष्ठभूमिबाट कविले यो कविता सङ्ग्रहको नाम भुइँचालो राखेका हुन् । यो भुइँचालोले ऐतिहासिक मान्यता प्राप्त गरेको छ । कवि इन्दुलका कविताको भाव सशक्त र जीवन्त छ । यहाँका कविताहरूले समसामयिक विषयको पूर्ण प्रतिनिधित्व गरेका छन् । आफू बाँचेको वर्तमानको कविले सही परिचय दिएका छन् । जुन कविले आफ्नो वर्तमानलाई चिनेर काव्यमा सजाउन सक्छ, त्यो कवि अवश्य नै सफल हुन सक्छ । यो सम्भावना कवि इन्दुलमा पनि देखिन्छ । समष्टिमा भन्ने हो भने 'भुइँचालो' वर्तमानकै यथार्थमूलक विद्रोहात्मक दस्तावेज हो । यसरी आफूले बाँचेको वर्तमानलाई राम्ररी चिनेर सजाउन कवि एकदमै सफल भएका छन् । विषयको विविधता संयोजन गर्न उनी कतै पनि कमजोर ठहरिएका छैनन् । बस् अब एउटा कुरा यहाँ भन्नै पर्छ । कवि इन्दुलले 'भुइँचालो' लाई कविताका तत्वहरूद्वारा बढी भन्दा बढी परिष्कार र परिमार्जन गर्न सकेको भए सुनमा सुगन्ध हुने थियो । कविले आगामी दिनमा काव्यात्मक शिल्प र प्रविधिका माध्यमबाट अरू कविता सङ्ग्रहहरूको आयोजना गर्दै जाउन् । यिनै शब्दहरूद्वारा कवि इन्दुल के.सी.मा साधुवाद समर्पण गर्दछु ।

**पाटन संयुक्त क्याम्पस**
त्रिभुवन विश्वविद्यालय, नेपाल ।

# कबिताक्रम


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| १. | जय नेपाल | १ |
| २. | दिवस | ३ |
| ३. | कामरेड | ५ |
| ४. | लाज | ८ |
| ५. | जाम | १० |
| ६. | दान | १३ |
| ७. | खबर | १५ |
| ८. | श्रोता | १९ |
| ९. | उपचार | २१ |
| १०. | बन्द | २४ |
| ११. | रसरङ्ग | २६ |
| १२. | एकाङ्की नाटक | २८ |
| १३. | भुइँचालो | ३० |
| १४. | आँसु | ३४ |
| १५. | धन्य नेपाली | ३६ |
| १६. | त्याग | ३८ |
| १७. | लाइन | ४० |
| १८. | सम्पत्ति विबरण | ४२ |
| १९. | सारतत्व | ४४ |
| २०. | भऱ्याङ्ग | ४६ |
| २१. | सहमति | ४८ |

# जय नेपाल

जय नेपाल ! जय नेपाल !
क-कसको कहिले कहिले जय नेपाल ?

बूट बजारी साल्यूट गर्ने प्रहरीको जय नेपाल ?
खद्दरे पाइजामा र कुर्ताको फर्रफर्राइमा
ठूल्दाइ र सान्दाइको जय नेपाल ?

टिस्टा र काँगडा हराएका बेला जय नेपाल ?
सुगौली सन्धिमा नतमस्तक नेपालीको जय नेपाल ?
फिरङ्गीको जयगानको साथ निन्याउरो मुखे नेपालीको जय नेपाल ।

गण्डकी र कोशीको बगेको पानीमा जय नेपाल ?
सुस्तामा सुतेका नेपालीहरूको जय नेपाल ।

उत्तरी चेक पोस्टमा दक्षिणी दाइको प्रहरेदारी ?
टनकपुरको टन्टलापुर घाममा तिर्मिराएका नेपालीको जय नेपाल
महाकालीको पानी हेरी तिर्खा मेटाउन नपाएका नेपालीहरूको
जय नेपाल ।

हरेक महत्वपूर्ण निर्णयमा छिमेकीको निर्देशन ?
प्रत्येक कार्यको कार्यान्वयनमा भ्वाङ्ग परेको जय नेपाल
सल्लाह साउती लिंदा छिमेकीको हरेक सल्लाह शिरोधार्य ?
हुतिहारा समूह-समूहमा आ-आफ्नै पाराको जय नेपाल !

◈◈◈

# दिवस

विवसै विवसले बग्दै गरेका बाढीहरूमा
दिवसै दिवसका छालहरू उठ्ने गर्छन्
उत्सवहरू सबै उछिट्टिने गर्छन् ।

सीमापारि कोठीहरूमा चेलीबेटी
सौगात पुऱ्याउनेहरूको नेतृत्वमा
गुन्यूँ-चोलो, सारी, ब्लाउज र मिनीस्कर्टहरूको नारी दिवस ।

आधा पेटमै छाक टार्न लगाई
भाँडा मजाउने साहुहरूको नेतृत्वमा
खाते, मगन्ते, टुहुरा, फुच्चे विचराहरूको बाल दिवस ।

ठुल्ठूला मालिकहरूको नेतृत्वमा
भोका, नाङ्गा, तिर्खाले
छटपटाएकाहरूको भोक मुक्ति दिवस ।

भट्टी, पप, बार, मधुशाला, सञ्चालकहरू
धुम्रपान गर्न ५५५ का सौखिनहरूको नेतृत्वमा
नसालु पदार्थ निषेध र धुम्रपान मुक्ति दिवस ।

शोषक, सामन्त र तथाकथित प्रजातन्त्रका
ठेकेदारहरूको नेतृत्वमा झूठो तमसुकले थिचिएका
चक्रबृत्ति ब्याजले किचिएकाहरूका आर्थिक स्वतन्त्रता दिवस ।

आफ्नै मनगढन्ते परिभाषा दिने
राजनैतिक व्यापारीहरूको नेतृत्वमा
फागुन ७ गते, पौष १ गते र चैत्र २६ गते प्रजातन्त्र दिवस ।

प्राइभेट क्लिनिक, नर्सिङ्ग होम र चिकित्सकहरूको अगुवाइमा
औषधि र स्वास्थ्य परीक्षण शूल्कको बिलले
ढाड भाँचिएका बिरामीहरूको स्वास्थ्य दिवस ।

कोठी सञ्चालकहरू र म्याच मेकरहरूको अगुवाइमा
यौन विकृतिले सताइएका
समलिङ्गीहरूको एचआइभी र कण्डम दिवस ।

धर्मभक्त र दशरथचन्दहरू-रूखमा फलाउनेहरूको नेतृत्वमा
गंगालाल र शुक्रराजलाई गोली उपहार टक्रयाउनेहरूको नेतृत्वमा
जनताको रगतको होली खेल्ने खेलाडीहरूको नेतृत्वमा
श्रद्धा र सुमनको शून्यतामा शहिद दिवस ।

विश्वका मजदूरहरू एक हौं नाराका साथ
सर्वहारा-गरिब श्रमजिवीहरूको नेतृत्वमा
मई दिवस-विश्व श्रमिक दिवस ।

जन-आन्दोलनको परिणाम अब जनताकै छोरोछोरीको नेतृत्वमा
सुनौलो भविष्य समृद्ध नयाँ नेपालको लागि लोकतन्त्र दिवस
आम नेपालीहरूको चाहना अनुरूप गणतन्त्र दिवस ।

◈ ◈ ◈

# कामरेड

कामरेड, कामरेड थरी थरीका कामरेड !
जय नेपाल कामरेड, लाल सलाम कामरेड, नमस्ते कामरेड !
थरी थरीका कामरेड !
कोही गाढा, उग्र कामरेड !
कोही फिका-पातलो कमरेड ।

द्वन्द्वात्मक भौतिकवादी कामरेड !
सम्झौतावादी-मेलमिलापवादी कामरेड !
जहिले पनि जहाँ पनि अवसरवादी कामरेड !
थरी थरीका कामरेड !

एक दलीय कामरेड ! बहुदलीय कामरेड !
सर्वहारा कामरेड ! आफै सर्वेसर्वा ठान्ने कामरेड !
जनवादी कामरेड ! राजावादी दरवारिया कामरेड !
थरी थरीका कामरेड !

सडके, चप्पले, जीवनभर झोला बोक्ने कामरेड !
काँचुली फेरीएका महले-पजेरो कामरेड !
अरूलाई उपदेश मात्र दिन जान्ने कामरेड !
थरी थरीका कामरेड !

आफैं मात्र सच्चा अव्वल दर्जाका ठान्ने कामरेड !
आफ्नो कुरा नमान्ने सबै गद्दार, प्रतिक्रियावादी कामरेड !
संशोधनवादी, सामन्तवादी, साम्राज्यवादीका दलाल कामरेड !
थरी थरीका कामरेड !

कार्लमार्क्सको दाह्री खौरिने कामरेड !
लेनिन-स्तालिनको सालिक ढल्दा ताली बजाउने कामरेड !
माओत्सेतुङ्गको गिदी मिसिएको ममचा खाने कामरेड !
थरी थरीका कामरेड !

गोंजाले साइनिङ पथे कामरेड !
चेगोवारो-चेप्टो पथे कामरेड !
आफ्नै मौलिक बाटो हिंड्ने-प्रचण्ड पथे कामरेड !
थरी थरीका कामरेड !

हलो भाँची हसियाँको बिंड बनाउने पञ्चे कामरेड !
चारतारा हटाई प्रगतिशील बन्ने काँग्रेसी कामरेड !
यता हो कि उता हो ढुलमुले कामरेड !
थरी थरीका कामरेड !

जनसत्ता कायम गर्ने उद्देश्य बोकेका कामरेड !
जहिले पनि बिरोधी बेन्चमै एक्लो बस्ने कामरेड !
शोषणका विरोधी तर बौद्धिक शोषण गर्न खप्पिस कामरेड !
थरी थरीका कामरेड !

झण्डा फेर्न साईत कुरिरहेका कामरेड !
सेवाभन्दा मेवा नै ठूलो ठान्ने कामरेड !

पार्टी नेतृत्व आफ्नै आमाको पेवा ठान्ने कामरेड !
थरी थरीका कामरेड !

काँच फुटेझैं चकनाचुर भएका कामरेड !
दृष्टिदोष रोगले ग्रस्त बिमारी कामरेड !
आफू मात्र दूध पोखरीमा नुहाएका ठान्ने कामरेड !
थरी थरीका कामरेड !

पराइसँग हातेमालो गर्दै हिड्ने कामरेड !
आफन्तसँग एकता असम्भव ठान्ने कामरेड !
आफूलाई गरिएको सकारात्मक आलोचना
असत्य ठान्ने कामरेड !
थरी थरीका कामरेड !

सुन्दरीजलको झरनाबाट झर्झरै झरेको
स्वच्छ पानी जस्तो कामरेड !
प्यासीको कण्ठमा गंगाजल जस्तो कामरेड !
बाँझो खेतमा सिंचाई गर्न उपयोगी
पानी जस्तो कामरेड !
थरी थरीका कामरेड !

सुन्दरीजलकै पानी बग्दै जाँदा
बर्तमान बाग्मतीको दूषित पानी जस्तो कामरेड !
टुकुचाको नालमा लटपटिदै बग्दै गरेका कामरेड !
भू, वन, जल तथा नर-माफिया कामरेड !
थरी थरीका कामरेड !

कोही गाढा उग्र क्रान्तिकारी कामरेड !
कोही फिका-पातलो कमरेड !
थरी थरीका कामरेड !

◈◈◈

# लाज

एकलै नितान्त एकलै बस्दा
कहिले काहीँ आफैँदेखि
आफैँ लज्जित हुन्छु ।
माया के हो ? प्रेम के हो ?
वासना के हो थाहै छैन ।
एकान्तमा फूलहरू मगमगाउँछन् ।
फूल मेरो मनसँग रङ्ग साट्न आउँछन्
फूलैमा आफू एकाङ्गी सम्झिन्छु ।
दुई मुटुको धड्कन लगातार
एकै ताल एकै सुरमा बज्न थाल्दछ
आफैँमा आफू हराएको
फूल पनि आफैँमा विलाएको
त्यो समय याद आउँदा
मलाई मैदेखि किन हो लाज लाग्छ ।

झ्याल ढोकाहरूमा चुकुल
बेड सुइच अफ् !
अन्धकारमा पनि देखिंदो रहेछ ।
विपना पनि सपना हो कि जस्तो लाग्छ
ती घटनाका परिदृश्यहरू !
आफ्नै आँखामा छाउँन थाल्दा
स्वर्णिम सुखानुभूति दोहोरिन थाल्छ ।
लाजको पछ्यौरीले
सरमको हावाले आफैं रतिएझैं लाग्छ,
केही भूल भयो कि शङ्का उब्जिन्छ ।
भूल हो या जीवनकै रुल हो ? थाहै छैन
बेला कुबेला मन हराउँछ
तन एकाकार ! हुन्छ ।

मानसपटलमा सम्झना दोहोरिन्छ
आफैं आफ्नो होस् हराएको कुरामा
मलाई लाज लाग्छ ।
आफूले आफैंलाई बिर्सेकोमा
सरमको अनुभूति हुन्छ
बिहान आकाश हेर्दा
केही रहस्य-रहस्य लाग्छ ।

# जाम

दुई चार किलोमिटरसम्म पुग्न
कहिलेकाहीँ धेरै घण्टा लाग्छ,
ट्राफिक जामलाई सत्तो सरापी
हिंडिरहेछन् मोटर बाइकमा युवा जोडी
पब्लिक गाडीमा अफिस धाउने जागिरे
चिप्लो प्राइभेट गाडीमा
चिप्ले किराजस्ता गाडी-मालिक
कुनै दृश्यावलोकनमा हिंडिरहेका
अल्झिरहेका छन् जाममा ।

आ-आफ्नो मोवाइलबाट सूचना प्रवाह
आ-आफ्ना इष्ट-मित्रलाई
मोवाइल फोन गरिरहेछन्
जाममा छौं भनिरहेछन् ।

ठूल ठूला हाइ-वेमा
भुस्याहा कुकुरजस्तै
शहरका फराकिला सडकहरूमा
टोल टोल र गल्लीहरूमा
के छैन सबै कुरा छन् सडकमा ।
ठेला गाडा, साइकल, रिक्सा,
मोटर साइकल र चिप्ला गाडीहरू
बजिरहेछन् साइकलका घण्टीहरू
गाई-गोरु सडक मेरै हो भनी
बसिरहेछन् उग्राएर सडकमा साँढेहरू ।

मानौं कुनै प्रतियोगिता छ गाडी दौडाउने
न सडक भन्छन्, न फुटपाथ,
विचरा निरीह ट्राफिक प्रहरी
सिट्टी बजाउँदै थाक्छ ।
प्वाँ प्वाँ भ्वाँ भ्वाँको ध्वनि
कानै खानेगरी हर्न बजाइरहेछन्
काठमाडौं शहर खुम्चिंदै गएको छ
काठमाडौं शहर अस्तव्यस्त छ ।

चारैतिर जाम छ
पूरा नेपालको तीर्थधाम छ ।

यहाँ के कुरामा जाम छैन ?
योजनाहरू सबै जाम
राजनीति र कूटनीति जाम
बुद्धिजिवीहरूको बुद्धि जाम ।

विकास-प्रगति जाम
असल र निमुखाको मुखमा जाम
नेताहरू सधैं हाम हाम

हाम्रो बुद्धि र बर्कत जाम
सबैको मुखमा यौटै नारा
अब विदेश जाम, अहिल्यै जाम ।

म सोच्छु तपाईंलाई
विदेशी गाडीको आयातमा
सुन्दरीहरूको ब्यूटी सामानमा
लागू औषधि र नाङ्गा नाचहरूमा
छैन कुनै जाम ।
हामी सबैले दिएका छौं
तिनलाई सुन्दर घाम ।

बेसारमा भुसको जाम
घिउमा पिंडालुको जाम
तेलमा पानीको जाम
हलुवामा बालुवाको जाम
जहाँ-तहाँ लामै-लाम
कहिलेसम्म चल्ने यो जाम !
यो राष्ट्र नै जाम
यो नेपाल नै जाम !
खै कहिले लाग्ने हो घाम ?

◈◈◈

# दान

भनिन्छ गरे दान-यहलोकमा
पाइन्छ सुखको ठूलो भाग-परलोकमा ।
विश्वास अन्धविश्वासको गहिरो निद्रामा
देखिरहेछन्-मस्त भई-दिवास्वप्न ।

दुहुना गाई-सानी बाछी
पुच्छर समाउन पाइने बैतर्नी तर्न
नपाए नसके दुनाटपरीमा मूल्य गाईका
दस बीस या सय दुई सय रुपैंया मूल्य गाईको ।

दानका विविध भाँती, नाना प्रकार
पिउने पानीको अभाव
मिनरल वाटरको जलदान ।
क-कसलाई सुकला गराउन
सजिसजाउका शैयादान ।

कति पुण्य कमाउने मन ?
७० वर्षे बुढोलाई ७ वर्षे केटी
राम्रा, राम्रा कपडा गहना लगाई
घुम्टो ओडाइ-बालिका कन्यादान ।

गण्डकी, कोशी, कर्णालीकै जलदान
टिस्टा काँगडा-त्यागेर-भूदान
सुस्तामा सुतेर-अर्को जमिन दान
बेलाबेलामा जन प्रतिनिधि छान्न मतदान ।

दान दिने लिने दुबैको भीडभाडमा काल
सार्वजनिक-चोक खुल्ला चौर
घरदैलो अभियान-देशै जुरुक्कउचाल्ने
प्रतिज्ञा-घोषणापत्रहरूका असारे वर्षा !

मतदानमा-मत पाउनेलाई सपनाको खेती
मतदान गर्ने दाताको अमूल्य मत ।
सामान्य जनलाई एक गिलास ट्वाँट
मतको बाली भित्र्याउने उम्मेदवार
मतदानको खेतीमा संलग्न हुने संसदका व्यक्ति ।
मतदान ठूलो यज्ञ, राष्ट्रिय कार्य
राष्ट्रिय ढुकुटी खुल्लम खुल्ला
अन्तर्राष्ट्रिय रकम-कलमको-भेल
चुनावी पण्डितहरू करोडौंको माछाजाल ।

धन्य ! दानको महिमा
विचरा सहिदको बलिदान
सहिदकै रगतमा होली खेल्नेहरू
दानमात्र होइन-
उच्च नाम, मान र सम्मान
धन्य छ दान ! महादान !

# खबर

खबर ! खबर ! खबर !
बेड टी सँगै ए.वी.सी.को
बास्तविकता बुझ्न
बी.बी.सी को खबर नसुनी नहुने ।

कस्तो आदत !
कस्तो मोहनी लाग्ने जस्तो खबर
संभ्रान्त, विद्वान् एवं सुसंस्कृत
नेपालीलाई असक्षम, अयोग्य
आफ्नै नेपालको बर्बादीको चिन्ता
बिहानको ब्रेकफास्टसँगै
भ्वाईस् अफ अमेरिकाको स्वर ।
दिवा- भोजसँगै दूरभाषको
'बन्देमातरम्' सुन्नै पर्ने ?

नेपाल र नेपालीको यथार्थ खबर सुन्न
कसैलाई छैन फुर्सत ।
पत्र-पत्रिकामा खबर
टी.भी.र रेडियोमा खबर
तर हामी सँधै बेखबर,
पूर्व, पश्चिम, उत्तर, दक्षिण
चारै दिशाका खबरै-खबर,
सुत्दा खबर,उठ्दा खबर
हिंड्दा डुल्दा सँधै कानमा ट्रान्जिस्टर
खबरै-खबर ।

कहीं युद्धको खबर
कहीं बम-बिस्फोटको खबर
कहीं आतङ्कको खबर
कहीं व्यभिचारको खबर,
खबरै-खबरका दैनिकीमा
आफ्नै विक्षिप्त मानसिकतामा गुज्रेको बेखबर
खबरदार !
खबरै खबरमा डुब्दा डुब्दै
आफैं बेखबर ।
-कुनै सूचना,कुनै घटना, कुनै आलोचना
कहीं विवेचना-सबै खबरका विविध रूप
हेर्दा हेर्दै आफैं कुरूप ।

आफ्नै स्वतन्त्रता गुमेको खबर
आफैं डुबेको खबर
आफैं श्रोता, आफैं पाठक सबै बेखबर ।

विवाह एउटा सुखद खबर
हनिमून अर्को खबर
पुत्रलाभ खुसीको खबर
भोज भत्तेर कोल्ड ड्रिंक, हट ड्रिंक

भोकल, लोकल, स्कचको खबर
जहाँ तहाँ जहिले-तहिले महङ्गीको खबर ।

कत्ति सुखको खबर
कत्ति दु:खको खबर
आखिर सबै बेखबर ।

सक्खर, नुन, चिनीको खबर
यताको खबर, उताको खबर
रबरको खबर, चुइङ्गमको खबर ।

नेपाली जनजीवनमा ठूलो परिवर्तन
प्राइमरी स्कुलका विद्यार्थीबीच
ब्याय-फेन्ड र गर्ल-फेन्डको खबर ।
कस्तो खुसीको खबर
रोमाण्टिक खबर ।
विपरीत लिङ्गीहरूको
बाटो-घाटो, बसमै
किसको खबर
आलिङ्गनको खबर
चप्पलको चड्कनको ताजा खबर
यता खबर, उता खबर ।
कहिले कमेडीका, कहिले ट्राजेडीका
विषय-विषयका खबर ।

सुखान्त खबर
खबरै-खबरको दिनचर्यामा
आफ्नै खबर तर बेखबर ।
ए खबर !
खबरदार ! होसियार,
खबरमा रमाउने

खबरमा आफैं हराउने
खबर खाने र खबरमा सुत्ने-उठ्ने
हाय खबर ।

टोपी-दौरा सुरुवाल
गुन्यूँ चोलो फरिया हराई
फेसनको टाउके खबर
टाई-सुट,चेस्टर-मिनीस्कर्ट
युवतीहरूको हाफ-पाइन्ट
मर्निङ्ग वाक र इभिनिङ्ग वाकको खबर
डाँडाका जून
बूढा-बूढी आमा-बाबुलाई
कानै बन्द गरी बस्नु पर्ने खबर,
वाध्यताले अन्धो भएर
टाउको समाएर बस्नु पर्ने खबर
रोएर बस्नु पर्ने खबर ।

# श्रोता

विवश विचरा श्रोता जीवनभर
मनमा मुरी मुरी कुरा भए पनि
कहिले वक्ता हुन नपाएका
कसैको आशा-भरोसा नभएका श्रोता ।

पुरोहित पण्डितका पाण्डित्ययुक्त स्वर्गको वर्णन पुराण
ज्ञानी, ज्ञाता, विद्वान्हरूका सुवचन प्रवचन
नेताहरूका सुखद् केवल सपना बाँड्ने भाषण
भद्र भलादमी भनाउँदा वक्ताको दुर्वचन ।

अहो बित्नैलाग्यो जीवन पसिना काड्दै डोको-नाम्लोमा
मीठो भाषणको तिउन, तरकारी-सितन
बल्ल बल्ल जुटेको एक दुई गाँस खोले पीठोको ।

नेता-वक्तालाई के-के जाती उच्चपदको आसन
ठूलाठूला दर्जाका पदहरूमा नेताकै आफ्नै आसेपासे

झुत्रेझाम्रे सधैं भाषण सुन्नु पर्ने श्रोतालाई
कहाँको गाँस, बास, कपास ?

बेला-बेलामा टाढा टाढा गाउँघरका सबै श्रोता
ट्रकभरि ओसार पसार काठमाडौंमा भेला
कान्तिपुरको टन्टलापुर घाममा
प्यासले घाँटी प्याक प्याक पानीविना
तैपनि घाँटी सुकाई भट्याउनु पर्ने
जिन्दावाद-मूर्दावाद र कसैको जयजयकार !

शहर परिक्रमा मानौं ठूलो शोभायात्रा
सवा भक्कुका राँगाजस्ता नेताको शक्ति प्रदर्शन ।
राजधानीका गल्ली गल्ली कालो पत्रे पीचबाटो
जनम जनम श्रोतावर्गका घोडेटो गोरेटोको पालो कहिले ?

शाही सैनिकमञ्च खुल्लामञ्च खचमखच भीड
धुवाँ, धुलो, नदी र विचारको प्रदूषणयुक्त भीषण भाषण
के के बोले, के के ओकले ? आकाश पाताल जोडे
सुन्दा-सुन्दा कानै पाकेर वाक्क लागेका
श्रोताले के सुने, छैन अत्तोपत्तो ।

तैपनि बीचबीचमा ताली बजाउने श्रोता कलाकार मात्र
श्रोताका लालावालालाई कहिले नाना र पापा ?
गरिब असहायको लागि निर्मित
बालगृह, बृद्धाश्रमहरूमा
निमुखा गरिब श्रोतालाई स्थानअभाव
विवश विचरा श्रोता जीवनभर
छैन, कसैको आड भरोसा-श्रोताजन ।
सँधैको श्रोता, सँधैको लाम, सँधैको निरीह
एउटा नेपाली श्रोताको परिचय ।

◈◈◈

# उपचार

बिनारोगको निदानमा,
थरी थरीका डाक्टरहरूको प्रेस्किप्सन्मा
यहाँ बिरामीहरूको उपचार हुँदैछ ।
आहार विहारमा अभ्यस्तहीन बिरामीहरू
डाक्टरको चर्को फिसमा
औषधिको महङ्गो बिलमा
आफ्ना श्रमका पसिना चुकाउँदै छन्
हो-यहाँ बिरामीहरूको उपचार हुँदैछ ।

हरेक शहरको
हरेक गल्ली गल्ली र टोल-टोलहरूमा,
दिन दुगुना रात चौगुना बढ्दैछन्
क्लिनिक, औषधालयहरू
फर्मास्युटिकल र ड्रग-स्टोरहरू खुल्दैछन्
हो- यहाँ बिरामीहरूको उपचार हुँदैछ ।

प्रत्येक दिन उद्घाटन हुँदैछन्
हस्पिटल, नर्सिङ्ग होम र स्वास्थ्य केन्द्रहरू
तर घटेका छैनन् बिरामी र रोगीहरू
घटेका छैनन् पुराना र थप नयाँ रोगहरू
हो-यहाँ बिरामीहरूको उपचार हुँदैछ ।

थर्मामिटरमा चढेको तापक्रम मात्र होइन
मन र मस्तिष्कहरूमा बढेको तनाव कति छ ?
मान्छेका नसा-नसामा बग्ने रगतको चाप मात्र होइन
तिनीहरूको पारिवारिक तनाव र डिप्रेसनको राप कति छ ?

जलवायुको मात्र होइन
संकिर्ण विचारको प्रदूषण कति छ ?
विकृत वातावरणको प्रभाव कति छ ?
प्रत्येक दिन गरिने भीषण-भाषण
र स्वास्थ्य-प्रतिवेदनहरूको ठेलीमा
नेपालीहरू मात्र होइन
सिङ्गो नेपाल राष्ट्रनै नाङ्गिदै गएको
तथ्य र यथार्थ तथ्याङ्क कहाँ छ ?

दिनहुँ दुर्घटनामा मारिने
र आत्महत्या गरेर मर्ने
नेपाली मात्रको खास तथ्याङ्क कहाँ छ ?
सुगरकोटेड तीतो र टर्रो, अमिलो औषधि खुवाएर
आश्वासनका झूठा रसादिहरू पिलाएर
अस्वस्थ्य, अपाङ्ग र पीडित तुल्याइएका
नेपालीहरूको मूर्त-अमूर्त चित्र कहाँ छ ?

रोगी देशका-रोगी बिरामीहरूको
सिधा ठगी र व्यभिचारको औषधि उपचार हुँदैछ ।
हो-यहाँ बिरामीहरूको उपचार हुँदैछ ।

आफैं बिरामी छन्
हाम्रा हस्पिटल र औषधालयहरू
स्वच्छ पानी र औषधिको ठूलो अभाव छ,
नामी डिग्रीवाल डाक्टर र वैद्यहरूको
अकर्मण्यता र लापरवाही बढ्दै छ,
जनताका लागि, जनताको अस्पतालमा होइन
आफ्नै क्लिनिकको आम्दानी बढ्दैछ,
यो रोगी राष्ट्र र जनता
बर्बाद पारेर सम्पत्ति र सम्पदा
छटपटाएर, आजित भएर
आवाजहीन आवाज भएर
मृत्युहीन मृत्यु मर्दैछन् ।
साँच्ची हो,
म ठोकेर भन्छु-
हो-यहाँ बिरामीहरूको उपचार हुँदैछ ।

◈◈◈

# बन्द

कुन्नी किन हो ? किन हो ?
जवाफ अवाक
जतातत्तै बन्दै बन्द ।

हिजो चक्काजाम, यातायात बन्द
आज बजार, कार्यालय, कारखाना
सब बन्द
भोलि के अब शौचालय र
भोजनालय पनि बन्द ?

नेपाल बन्द !
कपालभित्रको गिदी पनि बन्द ?
चेतन मन अचेतनतर्फ दौडिरहेको बाटो खोई बन्द ?

तरकारी, चामल, इन्धन आपूर्ति बन्द
घर-घरमा खाना-नास्ता छैन चुलो बन्द
अवोध बालकलाई दूध बन्द
सबैको भोक पनि बन्द ?

बिरामी सिकिस्त
छटपट, ऐया... ! ऐया....!
उपचारकको काम पनि बन्द ?
प्रसुतिगृह बन्द, प्रसव व्यथाले
तड्पिएका महिलाको दर्द पनि बन्द ?
तोडफोड एम्बुलेन्स बन्द,
टायर दनदन बल्छ,
धुवाँको कुइरी मण्डलले आकाश ढाक्छ, खोई बन्द ?

अवरुद्ध रोस्टम घेराऊ, माननीयहरूको संसद् बन्द
हाजिरी मात्र जनाइ पाउने पारिश्रमिक भत्ता खोई बन्द ?
स्वदेश विदेशको यात्रा खोई बन्द ?

मौनता, सर्वत्र मौनता
नारा, जुलुस खै बन्द
माग्नेको अव मुखै बन्द ?
माग पूरा गर्ने मालिक, अधिकारी
प्रशासकका दिमागै बन्द ।

वार्ताकारहरूको टेबुलमा
स्वादिष्ट परिकारहरू खै बन्द
महँगो विदेशी बिजुली सर्वतको
बोतल खुलमखुल्ला
नेताहरूको बैंक ब्यालेन्स नियमित बृद्धि, खै बन्द ?
गणतन्त्रको मिर्मिरे प्रभातमा
पदको भागबण्डा र खिचलो खै बन्द ?
कुन्नि किन हो, किन हो
खुल्ला हुनुपर्ने सबै बन्द
बन्द हुनुपर्ने सबै खुल्ला
जवाफ अवाक, जताततै बन्दै बन्द ।

# रसरङ्ग

ए प्रेममा पागल हुने प्रेमीहरू हो !
ए एकोहोरो मायाका पण्डा-पूजारीहरू हो !
प्रश्न सोझिन्छ प्रिय-अप्रियको आधार के हो ?
केवल सुन्दर या सुन्दरी भौतिक रूप मात्र हो ?

पुष्ट, पुष्ट लालीगाला गोरो छाला
चिटिक्क मिलेको वक्षस्थलका दुई डल्ला
फिटिक्क भाँचिएला जस्ता बारुले कम्मर
दुई खम्बा जस्ता सुडोल पिंडौला
स्वच्छ मनविहीन, मात्र तन सबै थोक कहाँ हो ?

मायाको मूल आत्मीयता सुगन्धित बासना
आपसी बाँडचुंड दिने लिने प्रित सुन्दर फूल
विकृत मानसमा कसरी कसको आलिङ्गन ?

चारदिनको चोला क्षण भङ्गगुर
मात्र रूपको रसरंग जीवनको
आहा ! प्रकृति-पुरुष मिलन कति मधुर
कसरी भनुँ म जीवन मात्र रतिक्रियाको प्रयोजन ?

सामाजिक मर्यादामा फुलेको मायाको फूल
प्रेम-प्रेमीजनको कामुकता ठान्नु ठूलो भूल
चोखो प्रीतिको लागि नसाको गिलास रित्याउनु पर्दैन
रोमान्सको लागि क्याविन रेस्टुरेन्ट नै आवश्यक पर्दैन ।

मन मनसँग मिलेको खोलाको दोभान होस्
तन तनसँग कसिएर एकाकार होस्
भरजीवन दुःख सुखमा साथ रहने प्रण होस्
सृष्टि संचालक जोडी सहयात्री घोषणा होस् ।

# एकाङ्की नाटक

कार्लमार्क्स र एङ्गेल्सको दर्शनमा छुटेको
लेनिन, स्तालिन र माओसेतुङ्गको प्रयोगमा पनि नपरेको
एउटा एकाङ्की मौलिक नाटक
भण्डारीको भण्डारबाट प्रस्फुटित भएर
अधिकारीको आँगनमा मञ्चन ।

'के.जि.वि.' र 'सि.आई.ए' का प्रतिनिधि
विविध रूपका चित्र विचित्र पात्रहरू
प्रतिक्रियावादी, पुनरुत्थानवादी
दलाल, गद्दार, संशोधनवादी
संवादहरूको शब्द छायाँ चित्र ।

हाउ, भाउ विविध मुद्राहरूको प्रदर्शन
गोडाहरूको चाल, पाउजुको झंकारसँगै

कम्मर मर्काइ, फर्काइ विभिन्न तालमा
टाउको सिंगै हल्लाई अवलोकन
थरीथरीका कलाकारहरूको कला प्रदर्शन ।

कलाकारहरूलाई कमलपित्त लाग्यो
जय नेपालको फू मन्त्रले पित्त हरायो
मध्यावधि चुनावपछि काँचुली नै फेऱ्यो ?
प्राकृतिक-शाश्वत नियममा पनि
परिवर्तनशील संसार भनी घरि घरि परिवर्तन ?

नाटक मञ्चनको उत्कर्षमा नै नपुगी
स्वयम नाटककारको अवसान !
विधुवी अवलाको झिनो स्वरको रुवाई
वहिरा कानहरूमा गुञ्जन सकेन
नेपालीको नेपालमा
नेपाल नै नायक नभै भएन ?

◈◈◈

# भुइँचालो

नव वर्ष आरम्भको शुभ मुहूर्तमा
अपूर्व परिवर्तनको लालीमा
हिमाल, पहाड, तराइमा छायो ।
उथल-पुथल व्यापक हलचल चल्यो
सिङ्गो नेपाल राष्ट्र नै मिरिक्क हल्लियो
राजनैतिक सिस्मोमिटरमा
ठूलो रेक्टर स्केल अंक मापन भयो
यहाँ ठूलो राजनैतिक भुइँचालो आयो ।

ज्यादै थिचोमिचो शोषण दमनको परिणाम निस्क्यो
जनमानसको हृदयमा रहेका
ज्वालामुखी विस्फोटन भयो ।
स्वीकार अस्वीकारको लाभाका बाढी आयो

भयंकर आँधीवेरीको हुरी हुनहुनाउँदै चल्यो
यहाँ ठूलो रेक्टर स्केलको
राजनैतिक भुइँचालो आयो ।

जीर्ण राजनैतिक घर, महल दरवारहरू
गर्ल्याम्म गुर्लुम्म घ्वाररर् भत्किए
बुँख्याचा जस्ता राजनैतिक नेताहरू यत्रतत्र हुत्तिए
ठूला ठूला अजङ्ग देखिने
तर जराविहीन रूखहरू ढ्याम्म ढले
ग्रहण लागेका सूर्यहरू
दिउँसै धमाधम अस्ताए
यहाँ ठूलो रेक्टर स्केलको
राजनैतिक भुइँचालो आयो ।

हिजो अनैतिक धरातलमा नै बाँच्न रुचाएकाहरू
आज नैतिकताको दुहाइ दिई
रुन्चे स्वरमा गुनगुनायो
आफ्नै अक्षमताको पर्दाफास !
जवरजस्ती ओगटी राखेका
आ-आफ्नो पदको बाध्यताबस्
त्यागपत्रहरू ओइरियो ।

ढोंगी-त्यागी योगी राज-महर्षिहरूको
लाईन लाग्यो ।
अझै झूठ-मूठका मन्त्रहरू जपिन थाल्यो
असंख्य स्वस्थापित अस्तित्वहरूको अवसान भयो ।
यहाँ ठूलो रेक्टरस्केलको
राजनैतिक भुइँचालो आयो ।

मनगढन्ते निर्धारित टाउकोको मूल्य
कसरी परिवर्तन भयो ?

अत्यधिक जनमानसको बहुमूल्य मतदान
स्वच्छ, पवित्र स-हृदयहरूको
जनताले सही मूल्याङ्कन गऱ्यो ?
यहाँ ठूलो रेक्टरस्केलको
राजनैतिक भुइँचालो आयो ।

कथित ज्यानमारा, डाँका
अपहरणकारीहरू कहाँ रह्यो ?
अपार जनताका मुटुहरूको धुकधुकीमा
परिणत भयो ?
टोल टोल, आँगनमा हर्षको वर्षा बर्सियो
भावी नेपालका कर्णधारहरूको
हृदय खोली स्वागत भयो ।
विजयमाला, फूल, रातो अवीरको वर्षा भयो ।
सर्वहारावर्ग जिन्दावादको नारा बुलन्द भयो ।
भत्किएका घरहरूको भग्नावशेष मात्र
अब सफा गर्न बाँकी रह्यो
यहाँ ठूलो रेक्टर स्केलको
राजनीतिक भुइँचालो आयो ।

सक्षम कर्मठ योग्य सुपात्रहरूको
समुचित चयन भयो ?
हिजोको इतिहासमा झैं
भोलि फेरि झुट्ठा आश्वासनमा
बाँच्न नपरोस् नेपालीहरूको कामना भयो
स्वदेशका गाउँ, सहर, गल्ली, चौबाटोमा मात्र होइन
छिमेकी मित्रराष्ट्रहरूका साथ
विदेशी कार्टरहरूका वोली पनि फुऱ्यो ।

शुभकामना बधाई मान्यताका सदभावना व्यक्त भयो
अब बुद्धको देश नेपालबाट

शान्ति संसारमा पुनः फैलिनु पऱ्यो
देश पुनः निर्माण, विकास गर्न
सबैले हातेमालो गर्नुपऱ्यो
नयाँ नेपाल बनाउनु पऱ्यो
यहाँ अब राजनैतिक भुइँचालो
ठ्याम्मै थामिनु पऱ्यो ।

◈ ◈ ◈

# आँसु

लुम्बिनीको बनमा
एकदिन मैले बुद्धलाई भेटेँ
घोप्टो परी घुँक्कघुँक्क रोइरहेको पाएँ ।

आश्चर्यचकितभै मैले कारण सोधें
आफ्नो मुटुको घाउ देखाई
मनको व्यथा फुकाली बुद्धले भन्नथाले
मेरै मुटुमा अशान्तिको काँडाको झ्याङ्ग ?

मैले अझै प्रश्न थपेर सोधें
फेरि पनि भनें आँखामा आँसु कति ?
प्रश्नको जवाफ ओकल्दै रूदै बुद्धले भने
गोली बारुदको पूजाथाली !

मासु, रक्सीकासाथ मेरो भजन र वन्दना ?
मेरो मूर्तिमा पूजा गर्नेहरूको घुँइचो
बुद्धम् शरणम् गच्छामिको मर्म
नखुल्नेहरूको यो देश ।

फेरि पनि आँसु झार्दै बुद्धले
गला अवरूद्ध स्वरमा भने
सबै मेरा शरणमा आउँछन्
म अब कसको शरणमा जाऊँ ?

मेरा प्रश्नहरू सबैका उत्तर
बुद्धको आँखाबाट झरेका आँसुले
मौन जवाफ दिंदैछ ।

# धन्य नेपाली

असनको अन्नपूर्ण देवता आफ्नै
खान पिउनको लागि अन्नको के समस्या ?
कसले भन्छ नेपाली भोकमरीको शिकार !

आपत् विपत् संकट कसरी हुन्छ ?
टेवहालका संकटादेवी नेपालीकै माता

गरिवीको रेखामुनि
नेपालीहरूको सपना कस्तो हुन्छ ?
धनका देवता कुवेर पनि त नेपालीकै देवता ।
मनका सारा कामनाहरू पूरा गर्न बसेकी देवी
मनकामना पनि नेपालीकै ।
दाँत दुःखे किल्ला ठोकेर उपचार गर्ने

किल्लागलका काठका मुडा हाम्रै ।
कान दु:खे कुपनडोलका
कानदेवता नेपालीहरूकै
यस्तै सर्वरोग सजिलै उपचार !
धन्य नेपाली ।

हर कार्य सफलताको लागि
परिश्रम पर सारेर
मुसा- प्राइभेट गाडीमा सवार हुने
भुँडे, सुँडे लड्डुले भुँडी भर्ने
सिद्धिविनायक नेपालीहरूकै ।

संसार रचना गर्ने ब्रह्मा नेपालीकै
सब प्राणीलाई पानलपोषण गर्ने
विष्णु भगवान् नेपालीकै
अपराधीलाई नास गर्ने त्रिशूलधारी
शिवजी पनि नेपालीकै ।

केको धन्दा, केको पीर ?
धन्य नेपाल, धन्य नेपाली ।

# त्याग

विलासिताको चरम चुली सगरमाथा जस्तो
ऐश-आरामको भण्डार दरवार
भोगविलास रसरङ्ग सबै भङ्ग
अन्धकार रातमा दरवार नै त्याग ?

कान्तिको हुरी जतातत्तै फैलियो
जनता जनार्दनको थप्पड चड्कन
नारायणहिटीको मीठो शीतल पानी त्याग
फेरि नागार्जुन दरवारमै बास ।

ठूलो परिवर्तन- ज्यूँदो नरनारायण
सामान्य नागरिकमा परिणत
सकिय राजा रंकमा परिवर्तन
राजदण्ड, श्रीपेच र सिंहासनको त्याग !

---

राजमहल-दरवार त्यागे पनि
मुलुक नत्यागने उद्घोषण !
त्याग मात्र होइन
राष्ट्रप्रेम कत्ति महान् ?

त्यागको ठूलो बखान
भोगीबाट त्यागीमा परिवर्तन,
आषाढ महिनामा खबरको वर्षा ?
गाडी, कम्प्यूटर के के
अझै त्याग्न किन बाँकी ?
फेहरिस्त पत्रपत्रिकाहरूमा प्रकाश !

# लाइन

नेपालको मुटु राजधानीको शोभा-लाइन !
डेरीको बुथ-गोठमा दुधदुहुने
गोठालाहरूको लाइन ।
कलधारा, ढुङ्गे धाराहरूमा
प्लास्टिकका गाग्रीहरूको लाइन !
पेट्रोल पिउने दुई पांग्रे
चार पाङ्ग्रे गाडीहरूको
पेट्रोलपम्पमा बेला कुबेला लामो लाइन ।
बटुवा हिड्ने फुटपाथहरूमा
खुद्रे व्यापारीहरूको बाटै अवरूद्ध गर्ने लाइन ।

मुसा मरेको विषय आयोजित
पत्रकार सम्मेलनमा

बिजुली सर्वत पिउन पत्रकार बन्धुको लाइन ।
खोकी लागेका र हाछ्यूँ आएका बिरामीहरू
ठूलाठूला  महङ्गा नर्सिङ्गहोमहरूमा लाइन ।

मृगौला प्रत्यारोपण गर्नुपर्ने
मुटुको भल्व फेर्नुपर्ने निमुखा गरिवहरू
सरकारी हस्पिटलमा
वर्षौं पालो कुर्नुपर्नेहरूको लामो लाइन ।

रोस्टम घेराऊ, विधायकहरू-
संसद अवरूद्ध गर्न जनप्रतिनिधि
माननीय सांसद्हरूको लाइन ।

भोक लाग्यो खानदेऊ भनी राग अलाप्नेहरूलाई
बाँसको लाठी बजार्ने
प्रहरीहरूको जताततै लाइन ।

औषधि पसलहरूंमा प्रेस्किप्सन बोकेकाको लाइन
आर्यघाटको ब्रम्हनालमा
अन्तिम सास फेर्नेहरूको लाइन
हरेक मसान घाटमा बैतर्नी तार्ने
पुरोहित-माझीहरूको लाइन
हरेक मसानघाटमा
दाहसंस्कार गर्नेहरूको लाइन ।

◈◈◈

# सम्पत्ति विबरण

भावनाको आकाशमा उड्दा
हिमाल, पहाड र तराई मेरो
मेची महाकाली सेरोफेरो सबै मेरो ।

यथार्थको धरातलमा ओर्लिदा
मेरा दुई पाउले ढाकिएका
लालपूर्जा बिनाको जमिन मेरो ।

निडर, इमान्दार, कर्तव्यपरायण भई
लामो समयसम्मको राष्ट्रसेवक कर्मचारी हुँदा
धन्यवाद सहित थमाएको
नोकरी अवकाशपत्र मेरो ।

न्याय माग्दै वर्षौं वर्ष
सर्वोच्च अदालतमा धाउँदा

अवकाशको निर्णय गलत ठहऱ्याई
न्यायिक फैसला हुँदा
पुनर्वहालीभई प्राप्त भएको
अतिरिक्त समूहको कुर्सी मेरो ।

एउटा छोरो, दुइटी छोरीहरू
श्रीमती सहितको परिवार मेरो
यही हो मेरो यथार्थ सम्पत्ति विबरण ।

# सारतत्व

नश्वर देह यो भौतिक चित्र ।
गुदी अलौकिक चेतनभित्र ॥१॥

मन्दिर मस्जिद चैत्य या चर्च ।
खोज भित्र जहाँ तत्व त्यो बस्छ ॥२॥

बाहिरी देह यो क्षण भङ्गुर छ ।
अदृश्य धुक-धुकी घन्किरहन्छ ॥३॥

कोही भज्छन् राम र श्याम ।
भन्ते-बुद्धं शरणम् गान ॥४॥

ओमिन आमिन गिर्जाघरमा ।
इस्लाम अल्लाह मस्जिदहरूमा ॥५॥

---

फरक फरक छन् नाम र बाटो ।
ॐ कारको सिर्जित पाटो ॥

बुझ्न सके धुन ध्यान गुरूको ।
पुगिन्छ गन्तव्यमा सुरूको ॥

◈◈◈

# भऱ्याङ्ग

कोही माथि चढिरहेछन् उत्साह र उमङ्गमा
कोही तल झरिरहेछन् होस र बेहोसमा
उपयोग गरेर भऱ्याङ्गको ।

भऱ्याङ्गका प्रत्येक खुड्किला
कोही चढ्दैछन् नाङ्गो खुट्टाले
कोही मोजा र कोही चप्पलले
कोही बुटले, गमबुटले
टेकेर मेरो ढाड र टाउकोमा
छलेर धेरै सपनाहरू
पुगिरहेछन् माथि माथि
भुलेर मलाई- म जस्ता जनतालाई ।

म त्यसरी छु
जहांको त्यहाँ छु
शून्य छु
नि:शब्द छु
म माथि चढेर पुग्छन् माथि-माथि
र भुल्छन् के कसरी पुगैं भनेर ।

कोही बिजुलीको भऱ्याङ्ग चढ्छन्
कोही छिनमा माथि पुग्छन्
कोही लिस्नो र काठको भऱ्याङ्ग चढछन्
क्रमश: माथि माथि पुग्छन्
तर निरीह र विवश छु म ।

आफ्नो अस्तित्वहीनतालाई संझेर
लाग्छ-कसैको भऱ्याङ्ग हुन नपरोस्
र, यो जिन्दगी कसैको
भऱ्याङ्ग जस्तो नहोस् ।

# सहमति

शब्द स्वयम सुन्दर ! अति सुन्दर
कति राम्रो शब्द चयन-सहमति ।
को को पक्ष-विपक्षहरूको बीचमा
के के वुंदाहरूमा कस्तो सहमति-असहमति ।

प्रत्येक प्रभातले दिनको झल्को दिन्छ रे
नयाँ नेपालका-नयाँ पुराना पात्रहरूका सहमति-विमति
सहमति विमति सबै साउने झरी झै छिन छिनमा परिवर्तन ।

आफ्नै दल-गुटको स्वार्थ प्रधान
भागबण्डाको काम केवल ह्याकुला खोज्ने प्रवृत्ति
थिचोमिचोमा परेकाहरूको सुधारको छैन कुनै नीति
फलाना फलाना कुर्सी पाए सहमति
भनेका कुरा  नपाउने भए असहमति ।

भोकानाङ्गा जनताको बारे ऐजेन्डानै नास्ति
छैन दुर्मति कुमतिहरूको कुनै आपति विपति ।

लक्ष्मी भरेको ब्रिफकेस खोल्ने कुटनीति
कुकर्म गर्ने कुटनीतिज्ञलाई राजदुतमा नियुक्ति ।

आफ्नो र आफन्तका लागि मात्र फोहरी राजनीति
शदीदका सपना पुरा गर्ने कसैको छैन नीति ?
स्वदेशी, विदेशी पैसा, राष्ट्रिय ढुकुटी सोहर्नेहरू
धनमाल मान मर्यादाका मात्र पुजारीको मती

धन्य धन्य गोमनसाँप र विच्छीहरूकाबीच
कुटनीति, अर्थनीति के के नीतिमा सहमति ?

◈ समाप्त ◈



# लेखक परिचय

नामः डा. इन्दुल के.सी. (पीएच्.डी.)
जन्ममितिः १९९८ मार्ग २७ गते
जन्मस्थानः भक्तपुर नगर- १४, मङ्गलाछें
शिक्षाः १. एम.ए., बी.एल. त्रि.वि.
२. पोस्ट ग्रयाजुएट, शिक्षा शास्त्र, बेलायत
३. पीएच्.डी. (वैकल्पिक उपचार) भारत
भ्रमणयात्राः नेपाल तथा भारतका साथै संयुक्तराज्य अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, इटाली, स्वीजरल्याण्ड, जापान, ग्रीस, इजरायल, थाइल्याण्ड र हङकङ्ग
पेशाः समाज सेवा, स्वास्थ्य उपचार सेवा, कानुनी तथा व्यवस्थापन प्रशिक्षण परामर्श सेवा
अधिवक्ताः नेपाल बार काउन्सिल (ला.नं. ३२१)
प्रशिक्षकः योग प्राकृतिक चिकित्सा रेकी (मास्टर) व्यवस्थापन
संलग्नता

- संस्थापक, अध्यक्ष र सञ्चालक- मङ्गल योग तथा प्राकृतिक उपचार केन्द्र, भक्तपुर
- संस्थापक- भजन महागुठी, भक्तपुर
- संस्थापक र पूर्व सदस्य सचिव- श्री बाराही पीठ विकास समिति, भक्तपुर
- सल्लाहकार- योग तथा प्राकृतिक चिकित्सा केन्द्र, भक्तपुर
- पूर्व सञ्चालक सदस्य- सिद्धी स्मृति महिला तथा बाल हस्पिटल, भक्तपुर
- पूर्व सञ्चालक सदस्य- सहिद स्मृति क्यान्सर सेवा केन्द्र, भक्तपुर
- कार्यकारी सदस्य- नेपाल स्रष्टा समाज, काठमाडौं
- संस्थापक एवम् पूर्व निर्देशक- व्यवस्थापन तालिम अनुसन्धान केन्द्र (MTRC), काठमाडौं
- सदस्य- भक्तपुर पर्यटन विकास समिति
- नेपाल सरकारको राजपत्राङ्कित पदमा तीसवर्षभन्दा बढी सेवा गरेको
- साहित्य सेवा : वि.सं. २०१५/१६ देखि रचनाहरू प्रकाशित गर्दै आएको
- प्रथम विराट नेपाल भाषा साहित्य सम्मेलनमा कवितामा प्रथम स्थान

9789937207300